गौरी मासिक

GAURI MASIK

वर्ष १९, अङ्क ६, २०८० फागुन, पूर्णाङ्क २१४

ISSN 2091-1629

मूल्य रु. ४५/-

यज्ञमण्डप (राष्ट्रिय कोटिहोम)
लङ्केश्वर महादेव परिसर,
पनौती- ११, बल्थली, काभ्रे

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड
द्वारा प्रवर्द्धित
STC ग्यास
तौल पूर्ण, सुरक्षा सम्पूर्ण
- ISI स्टाण्डर्डको भित्र बाहिर रबर कोट भै बीचमा स्टिलको जाली भएको ३ तहको होजपाइप
- उच्च गुणस्तरको रेगुलेटर
- पुनः प्रयोग गर्न न सकिने प्लाष्टिक सिल भएको सिलिण्डर
- कम्प्यूटर प्राविधिबाट चल्ने प्लान्ट, तौलमा सोहै आना ढुक्क हुनुहोस्
गृहिणी
चामल
साल्ट ट्रेडिङ्ग समूहका उत्कृष्ट खाद्य बस्तुहरू


एक करोड गीतादान महाअभियान
सहभागी हुन इच्छुक महानुभावहरूलाई
हार्दिक स्वागत गर्दछौं ।
सहभागीताको लागि:
एक करोड गीतादान महाअभियान
New Baneshwor, Kathmandu, Nepal
Tel.: +977-01-4104316/6638000
E-mail: 1karodgeetadan@gmail.com
Facebook: Karod Geeta Dan
Website: www.ushaeduhouse.com
मूल्य: स्वविवेक
श्रीमद्भगवद्गीता
(नेपाली भावार्थसहित)
दोस्रो संस्करण
श्रीमद्भगवद्गीता
विष्णु सहस्रनाम सहित
(नेपाली भावार्थसहित)
दोस्रो संस्करण
विश्व कल्याण र धर्म संरक्षणको लागि
ॐ एक करोड गीतादान महाअभियान

संवित परामर्श मण्डल
आबाल ब्रह्मचारी कविराज देवराज आचार्य
प्रा. शिवगोपाल रिसाल
डा. बिनु बाबा अर्याल
सल्लाहकार
श्रीमती गङ्गा कार्की
श्रीमती माधवी नेपाल
श्रीमती शिवा रिमाल
श्रीमती सीता श्रेष्ठ, खड्का
श्रीमती कमला बस्नेत
श्री नवराज लामिछाने
श्री मोहन चौधरी
प्रकाशक/सम्पादक
अर्जुन लामिछाने (९८५१०५३६०१)
व्यवस्थापक
बिदुरप्रसाद अधिकारी
सहयोगी
बिनीता पाठक
पार्वती सेढाईं
साजसज्जाः
बिपीन सोडारी (९८४९८५६२१०)
मुद्रकः किशोर अफसेट प्रेस
अध्यात्म ज्ञान लिनु र दिनु परम धर्म हो ।
एक प्रतिको रू. ४५/-
वार्षिक सदस्यता शुल्क रू. ५००/-
आजीवन सदस्यता शुल्क रू. ५,०००/-
ग्राहक बनेर गौरीको प्रकाशनमा टेवा पुऱ्याइ पुण्य कमाउनुहोस् ।
यस पत्रिकामा प्रकाशित लोख रचनाहरू लेखकका व्यक्तिगत विचार हुन्- सम्पादक

कार्यालय
भुवनेश्वरीमार्ग, पशुपति, काठमाडौं
फोन नम्बर- ९८०३८८६६७, ९८०३०९२४१७
इमेलः- gauri_2062@yahoo.com / masikgauri@gmail.com

वितरक
विश्व स्वतन्त्र संचार
नयाँबानेश्वर, काठमाडौं, फोन नं.: ९८५१०३०९७२

कर्णाली प्रदेशः सुर्खेत ९८६८८९२३४७ (चैतेजी)
सुदुर पश्चिम कैलाली ९८४९९०३०३३ (हरिजी)
नेपालगञ्जः ९८४८०९५०५९ (गङ्गादास)
वाग्मति प्रदेश हेटौंडाः ९८४५३००६०५
देवघाटधाम, तनहुँ ९८५१०३०९७२
मधेश प्रदेश बर्दिवासः ९८४९२१६२५५
कोशी प्रदेशः ९८०३०९२४१७ (लेखनाथ)

जि. प्र. का. द. नं. ५२/०६२/०६३

हे गौरि शंकरार्धाङ्गि यथा त्वं शंकरप्रिया ।
तथा मां कुरू कल्याणि कान्तकान्तां सुदुर्लभाम् ॥

वर्ष १९, अङ्क ६, २०८० पूर्णाङ्क २१४

फागुन २०८०

मंगलबार	१	८	१५	२२	२९
बुधबार	२	९	१६	२३	३०
विहिबार	३	१०	१७	२४	गौरी
शुक्रबार	४	११	१८	२५	गौरी
शनिवार	५	१२	१९	२६	गौरी
आइतवार	६	१३	२०	२७	गौरी
सोमवार	७	१४	२१	२८	गौरी

गौरीको अनुरोध.....!

यस गौरी मासिकको बार्षिक या आजीवन सदस्यता लिएर पनि पत्रिका नपाउनु भएका पाठकवृन्दहरूले कार्यालयमा सम्पर्क गरी छुटेका पत्रिकाहरू संकलन गर्नुहुन अनुरोध छ ।

कार्यालयः भुवनेश्वरी मार्ग, पशुपति
सम्पर्कः ९८४१५३३७८७, ९८०३८८८६६७
९८५१०५३६०१

श्रीमद्भागवतमहापुराण

दुःखको कारण मन हो भन्ने विषयमा एउटा तितीक्षु ब्राह्मणको कथा

उद्धवजीले निवेदन गरे– भगवन् ! म दुर्जनहरूद्वारा गरिएको तिरस्कारलाई साह्रै असह्य बुझ्दछु । अतः जुन साधनद्वारा म त्यसलाई सहन गर्न सकूँ, त्यो मलाई भन्नुहोस् ।

उद्धवको यो प्रार्थना सुनेर भगवान् श्रीकृष्णले भन्नुभयो– उद्धव ! यस संसारमा प्रायः यस्ता सन्त पुरूष पाइँदैनन् जो दुर्जनहरूका कठोर वाणीले विचलित नहुन् । म यस विषयमा तिमीलाई प्राचीन इतिहास सुनाउँछु ।

उज्जैनमा एक ब्राह्मण थिए । उनले खेती र व्यापारबाट धेरैजसो धनसम्पत्ति आर्जन गरे, तर ती साह्रै कामी, क्रोधी र लोभी थिए । उनले आफ्ना बन्धुबान्धव र अतिथिहरूलाई मीठो कुराले कहिल्यै प्रसन्न गरेनन् । अतः उनको कृपणता र नराम्रो स्वभावको कारणले उनका छोरा, दाजुभाइ र पत्नी सबै दुःखी रहन्थे र मनमनै उनको अनिष्ट होस् भन्ने सोचिरहन्थे । आफ्नो धनले न ती धर्म गर्थे न भोग नै गर्थे । ती लोक र परलोक दुवैतिरबाट नासिए । धेरै दिनसम्म यस प्रकारको जीवन व्यतीत गर्दा पञ्चमहायज्ञका भागी देवता उनीमाथि क्रुद्ध भए र तिनका तिरस्कारले गर्दा उनका पूर्वपुण्यहरूको सहारा पनि नष्ट भएर गयो । यस कारण उनको सारा सञ्चित धन उनले हेर्दाहेर्दै नष्ट भएर गयो । अब उनको मन सधैं खिन्न रहन लाग्यो । चिन्ता गर्दागर्दा उनका मनमा संसारका प्रति वैराग्य भयो । ती ब्राह्मणले मनैमन भन्न लागे–

हरे ! जुन धनोपार्जनका लागि मैले यति परिश्रम गरें, त्यो न त धर्ममा लाग्यो न मेरा आफ्ना सुखभोगका काममा नै आयो । धन कमाउन र कमाइसकेपछि त्यसलाई रक्षा गर्ने र बढाउने काममा निरन्तर परिश्रम, भय र चिन्ताको नै सामना गर्नुपर्छ । चोरी, हिंसा, झूट, दम्भ, काम, क्रोध, गर्व, भेदबुद्धि, वैर, अविश्वास, स्पर्धा, लम्पटता, जुवा र रक्सी यी पन्ध्रओटा अनर्थ धनबाट भइहाल्छ । भाइबन्धु, स्त्रीपुरूष, मातापिता, साथीसम्बन्धी जुन स्नेहबन्धनले बाँधिएर एउटै झै भएका हुन्छन्, ती सबै धनको कारणले गर्दा एकअर्काका शत्रु भइहाल्छन् । दुर्लभ मानिसको जन्म पाएर जुन मानिस धनका पछि आफ्नो सच्चा स्वार्थ र परमार्थको यसरी नाश गर्छन् तिनले अशुभ गति पाउँछन् ।

म अब आत्मलाभमा नै सन्तुष्ट रहेर आफ्नो परमार्थलाई साधेर चित्तलाई तपस्याद्वारा ब्रह्ममा लीन गर्नेछु । तीनै लोकका स्वामी नारायण ! मेरो यस सङ्कल्पलाई अनुमोदन गर्नुहोस् । उद्धव ! ती विरक्त ब्राह्मणले यस्तो निश्चय गरेर संन्यास ग्रहण गरिहाले । उनका चित्तमा कुनै पनि ठाउँ, वस्तु अथवा व्यक्तिका प्रति आसक्ति रहेन । उनले आफ्नो मन, इन्द्रियहरू र प्राणलाई पनि वशमा गरिहाले र स्वच्छन्दतापूर्वक ती पृथ्वीमा घुम्न थाले । अब ती भिक्षुक साह्रै बूढा भइसकेका थिए, यस कारण दुष्टहरू उनको थरीथरी तिरस्कार गर्न थाले तर ती सबै थोक चुपचाप सहन्थे । उनलाई कहिले भौतिक पीडा सहन गर्नुपर्थ्यो, कहिले दैहिक पीडा सहनुपर्थ्यो, तर ती भिक्षुक मनमा यी पीडाहरूबाट सन्तप्त हुँदैनथे । ती ठान्दथे कि यी सबै मेरा पूर्वजन्मका कर्महरूका फल हुन् । यो अवश्य भोग्नुपर्नेछ । मेरा सुख अथवा दुःखका कारण मनुष्य, देवता, ग्रह, कर्म र काल होइन, महात्मागण अथवा श्रुतिहरू मनलाई नै यसको परमकारण भन्छन् । आत्मा निष्क्रिय छ । त्यो जीवको सनातन सखा हो । त्यसले आफ्नो अलुप्त ज्ञानद्वारा सबै थोक हेर्दछ । उसले मनलाई स्वीकारेर त्यसद्वारा विषयहरूको भोक्ता बनेर जब बस्दछ अनि कर्महरूका साथ आसक्ति हुनाको कारणले त्यो त्यससित बाँधिन्छ ।

दान, स्वधर्मको पालन, यम, नियम, वेदाध्ययन, सत्कर्म तथा ब्रह्मचर्यादि श्रेष्ठ व्रत यी सबै साधनहरूको अन्तिम फल हो मन एकाग्र भएर भगवान्मा लाग्नु । जसको मन शान्त र स्थिर भएको छ, त्यसलाई सम्पूर्ण सत्कर्महरूको फल प्राप्त भइसकेको छ । जसको मन चञ्चल छ, त्यसलाई सत्कर्महरूबाट केही पनि भएको छैन भन्ने ठान्नुपर्छ । सबै इन्द्रियहरू मनका वशमा छन् मन कुनै पनि इन्द्रियका वशमा छैन । यो बलियोभन्दा बलियो र साह्रै भयङ्कर छ । जसले यसलाई आफ्नो वशमा गरेको छ, त्यही इन्द्रियहरूको विजेता हो । क्रमशः

सम्पादकीय

शिव साधनाको पर्वः शिवरात्रि

हाम्रा पुराणहरूमा वर्षभरिमा पर्ने सम्पूर्ण रात्रिहरूमध्ये मोहरात्रि, सुखरात्रि, कालरात्रि र शिवरात्रि गरी चार रात्रिको विशेष महिमा वर्णन गरिएको पाइन्छ । मोहरात्रिमा भगवान् श्रीकृष्णको, कालरात्रिमा भगवती दुर्गाको, सुखरात्रिमा माता लक्ष्मीको र शिवरात्रिमा भगवान् शिवको उपासना गर्ने चलन छ ।

फागुन कृष्ण चतुर्दशीलाई महाशिवरात्रि पर्वका रूपमा मनाइन्छ । महाशिवरात्रि भगवान् शिवको प्रिय रात्रि भएकोले यस तिथिमा अहोरात्र गरिने शिवोपासनाले भगवान् शिव अत्यन्तै खुशी हुनुहुन्छ र भक्तजनलाई मनोवाञ्छित फल प्रदान गर्नुहुन्छ भन्ने धार्मिक मान्यता छ । फागुन कृष्णपक्ष चतुर्दशी तिथिको रात्रि एउटा व्याधाले भोको रही अन्जानवस् शिवलिङ्गमा बेलपत्र र जल चढाउँदा ऊ मुक्त भएको कहानीले महाशिवरात्रिमा शिवोपासनाको महिमा थप उजागर गर्दछ ।

शिवरात्रिका अवसरमा आराध्यदेव भगवान् श्रीपशुपतिनाथ सहित देशका विभिन्न शिवालयहरूमा भक्तजनको उल्लेख्य उपस्थिति रहन्छ । श्रीपशुपतिनाथको मन्दिरमा देश विदेशबाट साधुसन्त, महन्त एवम् नागाबाबाहरूको समेत आगमन हुने गर्दछ । शिवरात्रिका अवसरमा राष्ट्रप्रमुखले समेत भगवान् श्रीपशुपतिनाथको दर्शन र पूजा गर्ने परम्परा रहेको छ ।

पशुपतिनाथमा आउने मानिसहरू सबै भगवान् श्रीपशुपतिनाथको मन्दिर दर्शनकै निमित्त भक्तिभावका साथ आएका भने हुँदैनन् । कोही व्यापारको निम्ति, कोही मनोरञ्जनको निम्ति त कतिपय मानिसहरू नकारात्मक पक्षको खोजीको निम्ति समेत मन्दिर परिसर आएका पाइन्छन् ।

हिजोआज शिवरात्रिलाई नशालु पदार्थ सेवन गरी मनोरञ्जनात्मक पर्वको रूपमा मनाइने एकथरि जमात छ । तर शिवरात्रि मुलतः साधनाको पर्व हो, उपासनाको पर्व हो । भगवान् शिव कालका पनि महाकाल हुन् । भगवान् शिवमा विष समन गर्ने समेत सामर्थ्य छ । विश्वका कल्याणको निम्ति कालकूट विष सेवन गरी कण्ठमा राख्ने कल्याणकारी शिवको अनुसरण गरी नशालु पदार्थ सेवन गर्नेले विष पान गर्नसक्ने सामर्थ्य राख्नु पर्दछ । अन्यथा गाँजा, भाङ जस्ता नशालु पदार्थ सेवन गर्नु भनेको भगवान् शिवको अपमान गर्नु हो, शिव द्रोह गर्नु हो । अस्तु,

यसभित्र

अविच्छिन्न

श्रीमद्भागवत महापुराण २

सम्पादकीय ३

कविता

लङ्केश्वर स्तोत्र प्रा.डा. माधव भट्टराई ४

गीताज्ञान

सांख्ययोग आचार्य खेमराज केशवशरण ५

आध्यात्मिक वार्ता

साधक र स्त्री श्रीमहेन्द्रनाथ गुप्त श्री'म' ७

खोज

श्रीस्वस्थानी.... सहप्रा. डा. विनुबाबा अर्याल ९

चिन्तन

संविधान र धर्मनिरपेक्षता डा. बी.पी. वडाल १५

शिवरात्रि विशेष

❖ शिवरात्रिले..... हरिप्रसाद सोडारी १७

❖ पशुपति क्षेत्रका एक... कुमार खतिवडा २०

पुराण चर्चा

अर्द्धनारीश्वर ..... बिना अधिकारी २४

देश/दर्शन

लङ्केश्वर महादेव उद्धवप्रसाद भट्टराई २९

वातावरण

पशुपति क्षेत्रका..... २९

पुस्तक अंश

नेपालमा... सहप्रा. सन्ध्या खनाल, पराजुली ३१

गतिविधि ३५

लङ्केश्वर स्तोत्र

प्रा. डा. माधव भट्टराई

नागेन्द्रभूषिततनुं सुरवृन्दवन्द्यं
भक्तार्तिनाशनपरं प्रणतात्मबन्धुम् ।
कालाग्निरूद्रमयरूपधरं वरेण्यं
लङ्केश्वरं प्रभुवरं सततं नमामि ॥१॥

लीलावतीसलिलसिक्ततनुं प्रणम्यं
लीलाकरं निखिलभूतभयापहारम् ।
गङ्गाधरं शशिसुशोभित भव्यभालं
लङ्केश्वरं प्रभुवरं सततं नमामि ॥२॥

भूतिप्रकर्षरूचिराङ्गमनाथबन्धुं
सर्वेश्वरं निखिलकष्टहरं महेशम् ।
सिद्धिप्रदं प्रचुरशक्तिविवेकहेतुं
लङ्केश्वरं प्रभुवरं सततं नमामि ॥३॥

सृष्टिस्थितिप्रलयकारणमप्रमेयं
सम्पूर्णभूतपतिमव्ययमेकरूपम् ।
देवाधिदेवमनघं निखिलस्वरूपं
लङ्केश्वरं प्रभुवरं सततं नमामि ॥४॥

शश्वत्प्रजाहितकरं भवसिन्धुतारं
मुक्तिप्रदं सकलपापदवाग्निसारम् ।
कर्पूरकुन्दशशिशुभ्रमनङ्गमङ्गं
लङ्केश्वरं प्रभुवरं सततं नमामि ॥५॥

शैलेशजादयितमीश्वरमात्मरूपं
शैलेशवासमजमद्वयमन्तकान्तम् ।
ध्येयं सदा मनुज- दानव-देवसङ्घैं
र्लङ्केश्वरं प्रभुवरं सततं नमामि ॥६ ॥

शूलेन यो रिपुगणं सहसाकपहन्ति
भक्तान् मुदा डमरूनादबलेन पाति ।
ज्ञानं च वण्टयति यस्तमहं पुराणं
लङ्केश्वरं प्रभुवरं सततं नमामि ॥७॥

लङ्कुः प्रसन्नसलिला प्रथिता च रोसी
सङ्गस्तयोरिह मनो हरति प्रकामम् ।
राजन्तमत्र धरणीरमणीगुहायां
लङ्केश्वरं प्रभुवरं सततं नमामि ॥८॥

योगीन्द्रवन्दितमनिर्वचनीयमर्ग्यं
काले जगल्लयकरं शिवमाशुतोषम् ।
मूढोकपि दैववशतो विनयेन भक्त्या
लङ्केश्वरं प्रभुवरं सततं नमामि ॥९॥

धारासहस्रमितगुप्तसुरापगाया
नीराभिषेकपरिपूततनुं कृपालुम्
त्र्यक्षं समाधिनिरतं मुनिवर्यजुष्टं
लङ्केश्वरं प्रभुवरं सततं नमामि ॥१०॥

लङ्केश्वरस्य सविधे वसता नियत्या
लङ्केश्वरस्य कृपया रचितः स्तवोकयम् ।
लङ्केश्वरस्तवममुं मुदितः प्रगायन्
लङ्केश्वरं प्रभुवरं सततं नमामि ॥११॥

इदं लङ्केश्वरस्तोत्रं यः पठेच्छ्रद्धया सदा ।
पुण्यं परमशान्तिं च लभते नात्र संशयः ॥१२॥

विप्रेण शम्भुभक्तेन माधवेन विपश्चिता ।
श्रीकोटियागसन्दर्भे स्तोत्रमेतत् कृतं शुभम् ॥१३॥❖

–अनामनगर, काठमाडौं

गीता द्वितीय अध्याय

सांख्ययोग



–आचार्य खेमराज केशवशरण

ध्यायतो विषयान्पुंसः सङ्गस्तेषूपजायते।
सङ्गात्सञ्जायते कामः कामात्क्रोधोऽभिजायते।६२।

क्रोधाद्भवति संमोहः संमोहात्स्मृतिविभ्रमः।
स्मृतिभ्रंशाद् बुद्धिनाशो बुद्धिनाशात्प्रणश्यति।६३।

अन्वयः विषयान् ध्यायतः पुंसः तेषु सङ्ग उपजायते। सङ्गात् कामः संजायते कामात् क्रोधः अभिजायते। क्रोधात् संमोहः भवति संहमोहात् स्मृतिविभ्रमः स्मृतिविभ्रम बुद्धिनाशः बुद्धिनाशात् प्रणश्यति।

सरलार्थः विषयहरूकै ध्यानमा लागिरहने मानिसको ती विषयहरूमा आसक्ति उत्पन्न हुन्छ, यस्तो आसक्तिबाट तृष्णारूप काम पैदा हुन्छ, तृष्णारूप कामबाट क्रोध उत्पन्न हुन्छ, क्रोधबाट संमोह (मूढता) पैदा हुन्छ, मूढतारूप संमोहले समझलाई नष्ट पारिदिन्छ। समझ नष्ट भएपछि बुद्धि बिग्रन्छ। अनि बुद्धि नै बिग्रन पुगेपछि एक दिन व्यक्ति आफैं नष्ट हुन्छ।

भावार्थचन्द्रिकाः प्रत्येक व्यक्तिको जीवन दुई भागमा बाँडिएको हुन्छ। आत्मा र शरीर। जीवनका यी दुई विभाग छन्। शरीर प्रकृतिको अंश हो र आत्मा चाहिँ परमात्माको अंश हो। प्रकृतिको अंश भएको कारणले शरीर नाशवान् र परिवर्तनशील छ परन्तु परामात्माको अंश भएको कारण आत्मा चाहिँ परमात्मा जस्तै अविनाशी र सनातन छ। शरीर संसारको उपज हो। यसपट्टिमात्र केन्द्रित रहेर जिउने मानिस संसारी बन्दछ। आत्मा चाहिँ परमात्माको अंश हुनाले आत्माको चिन्तनमा केन्द्रित रहने मानिस परमात्मातिर लम्कँदै आध्यत्मिक समुन्नति गरेर जीवन सफल पार्दछ।

शरीर साधन मात्र हो। यो बाहिरी उपकरण हो। आत्मा हाम्रो निज रूप हो र मानवजीवनको मूल लक्ष्य नै आत्मानुभूति हो। परमसुखमय, आनन्दधन, आत्माको चिन्तनतिर अग्रसर बन्ने व्यक्ति शारीरिक सुखको क्षणिक भुलभुलैयामा अलमलिन सक्दैन। ऊ परमात्माप्रतिको निर्मल निश्छल अनन्य भक्तको सहाराले आत्मानुभूतितिर लम्कंदै आध्यात्मिक समुन्नतिको शिखर चढ्दै भगवत्कृपाबाट दीर्घसुखको भागी बन्दछ। परन्तु शरीरको मात्र चिन्तनमा हराउने मानिस चाहिं केवल क्षणिक रमाइलोको पछि लागेर लौकिक आसक्तिबाट तृष्णा, तृष्णाबाट चिताएको पुगेन भनेर भयङ्कर क्रोधमा पाक्दै त्यसबाट झनझन मूढ, मूढत्तर बन्दै सृष्टि समझदारीलाई नै नष्ट गरेर बुद्धि बिगार्न पुग्दछ। र एक दिन आफ्नो पतनको कारण आफैं बन्न पुग्दछ।

परमात्मातिरको अनन्य भक्तले मात्र मानिसलाई पतनबाट बचेर आत्मोन्नतिको पथमा निरन्तर अग्रसर तुल्याउन सक्दछ। विषयप्रतिको लगावले मानिसलाई वास्तविक उन्नतितिर जान दिँदैन। स्थितप्रज्ञ बनेर जीवनको पूर्ण लाभ लिन विषयासक्तिबाट पर रहनु बहुतै आवश्यक छ। भगवत शरणागतिबाट प्राप्त हुने परमानन्दमय अनुभूतिले मात्र मानिसलाई त्यो क्षणिक सुखमा भुलाउने विषयासक्तिबाट बचाउन सक्दछ। श्रीमद्यामुनाचार्यले आलमन्दार स्तोत्रमा व्यक्त गर्नुभएको उद्गार अति नै मननीय छ उहाँ भन्नुहुन्छ–

तवामृतस्यन्दिनि पादपङ्कजे लिषेशितात्मा कथमन्यदिच्छति।
स्थितोऽरविन्दे मकरन्दनिर्भरं मधुब्रतां नंक्षुरसं समीहते॥

अर्थात्, हे प्रभो ! हजुरका अमृत वर्षाइरहने चरणकमलमा आफ्नो मन, प्राण समर्पित गरिसकेका उत्तम भक्तले अरू थोकको इच्छा नै के गर्दथ्यो ? मकरन्द रसले परिपूर्ण फक्रेको कमलको कर्णिकामा बसरेर मधुर

रस लिइरहेको भँमराले कहीं उखुको रस मिल्ला कि भनेर चाहना गर्दछ र ?

मानिसले जीवनमा भगवत्शरणागतिको यो मिठास् प्राप्त गर्न सकेन भने ऊ माथि भनिएझैं विषयासक्तिको भूमरीमा परेर पतनको शिकार बन्न पुग्दछ ।

अब ६४ औं श्लोकमा स्थितप्रज्ञको चालचलन कस्तो हुन्छ त भन्ने प्रश्नको भगवान् अघिल्लो श्लोकमा उत्तर दिनुहुने छ ।

रागद्वेषवियुक्तैस्तु विषयानिन्द्रियैश्चरन् ।
आत्मवश्यैर्विधेयात्मा प्रसादमधिगच्छति ।६४।

प्रसादे सर्वदुःखानां हानिरस्योपजायते ।
प्रसन्नचेतसो ह्याशु बुद्धिः पर्यवतिष्ठते ।६५।

अन्वयः रागद्वैषनियुक्तैः आत्वश्यैः इन्द्रियैः विषयान् चरन् विर्धयात्मा तु प्रसादम् अधि गच्छति, प्रसादं अस्य सर्वदुःखानां हानिः उपजायते, प्रसन्न चेतसः हि अशु बुद्धिः पर्यवतिष्ठते ।

सरलार्थः रागद्वेषरहित भएर आफ्नो वशमा रहेका इन्द्रियहरूद्वारा विषयको सेवन गर्ने अन्तःकरणलाई नियन्त्रित गर्न समर्थ साधक चित्तको पूर्ण प्रसन्नता प्राप्त गरेर धन्य बन्दछ । चित्तको पूर्ण प्रशन्नतारूप प्रसादलाई प्राप्त गरिसकेपछि त्यस्तो साधकका सम्पूर्ण दुःखहरूको नाश हुन्छ । यसरी प्रसन्न चित्त भएका साधकको बुद्धि निश्चित रूपले चाँडै नै परमात्मामा सुस्थिर बन्दछ ।

भावार्थचन्द्रिकाः मनुष्य जीवनको मूल लक्ष्य परमात्माप्राप्ति हो । अरू जीवनमा जुन विल्कुलै सम्भव छैन । केवल मनुष्य जीवनमा मात्र सम्भव छ र त्यसैलाई लिएर मनुष्य शरीरलाई पौरूषी तनुः (पुरूषार्थी शरीर) भन्ने सम्मान प्रदान गरिएको छ । ठुला ठुला घर, राम्रा राम्रा सवारी साधन र भोग सामग्री जुटाउन सक्नु पूर्ण पुरूषार्थ होइन । त्यो लौकिक पुरूषार्थ मात्र हो । जब जीवात्मा पारमार्थिक पुरूषार्थ परमात्माप्राप्ति अथवा मोक्ष प्राप्त गर्नमा सफल हुन्छ अनिमात्र ऊ पूर्ण पुरुषार्थी हुन्छ । यस्तो पूर्ण पुरुषार्थी बन्ने बाटो यहाँ भगवान् बताइरहनुभएको छ । आहारादि विषय लिँदा पनि मौनमज्जाको आसक्तिपूर्ण भावनाले नलिई शरीर निर्वाहको लागि मात्र लिने र परमात्मालाई अर्पण गरेर प्रसादको भावनाले लिने गरेमा मानिसभित्र आध्यात्मिक साधनाको अमृतमय अनुभूति पैदा हुन्छ । मनभित्र दिव्य सन्तुष्टि जाग्दछ र त्यसैले पूर्ण प्रसन्नताको परमानन्दमय स्थितिमा पुऱ्याइदिन्छ । आफू जुन लक्ष्यले मनुष्य बनेर आइएको छ त्यसको परिपूर्ति हुने बाटोमा अघि बढ्न पाउँदा भित्रभित्रै विलक्षण आनन्दको मुहान सुसाइरहेको हुन्छ । यसरी सन्तुलित र आनन्दको अनुभूतिसँगै प्रियको वियोग, अप्रियको प्राप्ति जस्ता कठोर भन्दा कठोर परिस्थतिले पनि विचलित तुल्याउन नसक्ने स्थायी आनन्दको अनुभव हुन थाल्दछ । दुःख र क्लेशमा पाकेर असन्तुष्टिको ज्वालामा पिल्सिरहने भौतिक संसारको सामान्य संसारी प्राणीभन्दा भिन्नै बनेर परमात्माको उपासनामा रमाउने साधकलाई परमात्मकै कृपाले यस्तो सौभाग्यमय क्षण जीवनमा आइपुग्दछ । अनि ऊ विधेयात्मा आफैं माथि नियन्त्रण राख्न सक्ने विवेकी बन्न पुग्दछ । यस्तै साधकलाई स्थिर बुद्धिको सहाराबाट स्थितप्रज्ञ बन्ने सुयोग प्राप्त हुन्छ, जसबाट मनुष्य जीवनको पूर्ण लाभ पाएर ऊ धन्यधन्य बन्दछ ।

यो सम्पूर्ण सृष्टि प्रभुको हो । यहाँको कुनै पनि वस्तु लिंदा परमात्मालाई अर्पण गरेर मात्र लिने कृतज्ञताको भाव राखेर बाँच्यो भने कृतघ्नताको दोषबाट बचिन्छ । जीवन शुद्ध र पवित्र बन्दछ । पवित्र जीवनमा त्यस्तो सद्भावनापूर्ण विवेकको उज्यालो प्राप्त हुन्छ जसले 'प्रसाद'को स्थितिमा पुऱ्याएर साधकलाई 'स्थितप्रज्ञ' बनी सिद्धतामा पुग्ने स्वर्णिम अवसर प्राप्त हुन्छ । परमात्मा प्राप्तिको भावनाले मानिसलाई 'मुक्त' बनाइदिन्छ । युक्त बनेपछि मात्र प्रसादको स्थिति हुँदै स्थितप्रमताको सिद्धावस्था प्राप्त हुन्छ ।

भगवद्भावनाद्वारा युक्त बनी रागद्वेषबाट माथी उठेर कृतज्ञ हृदयले शरीर निर्वाहको लागि मात्र आहारादि ग्रहण गर्दै संयमको स्वर्णिम पथमा अग्रसर रहने साधकलाई सिद्धि प्राप्त हुने कुरा भगवान्ले बताउनुभयो । अवव युक्तावा नभएको अवस्थामा साधकको के कस्तो स्थितिमा पर्नुपर्दछ भन्ने बारेमा भगवान् अगाडिको श्लोकमा भन्नुहुन्छ । क्रमशः

(आचार्य खेमराज केशवशरण वि.सं. २०७४ साउन १८ गते स्वर्गारोहण हुनुभएको हो । उहाँले लेख्नुभएको र उहाँकै पारिवारिक श्रोतबाट प्राप्त भएको गीताको भावार्थचन्द्रिका हामीले गौरीका प्रकाशनमा क्रमशः प्रकाशित गरिरहेका छौं ।)

श्रीरामकृष्ण तथा कर्मकाण्ड

–श्री महेन्द्रनाथ गुप्त श्री 'म'

साधक र स्त्री

श्रीरामकृष्ण प्रकृतिभावको कुराकानी गर्दै हुनहुन्छ । श्रीयुत, प्रिय मुखर्जी, मास्टर तथा अरू पनि केही भक्तहरू बसेका छन् । यहीबखत टेगोर परिवारका केटाकेटीहरूलाई लिएर एकजना घरेलु शिक्षक आए ।

श्रीरामकृष्ण (भक्तहरूप्रति)– श्रीकृष्णको शिरमा मयुर–पङ्ख रहन्छ, त्यसमा योनि चिह्न छ, यसको अर्थ हो कि श्रीकृष्णले प्रकृतिलाई शिरमा राख्नुभएको थियो ।

"कृष्ण रासमण्डलमा जानुभयो । तर त्यहाँ खुद प्रकृति बन्नुभयो । यसैले हेर, रासमण्डलमा उहाँको प्रकृति–वेश हुन्छ । स्वयम् प्रकृतिभाव धारण नगरिकन कोही पनि प्रकृतिसँगको अधिकारी हुँदैन । प्रकृतिभाव हुँदा नै रास र सम्भोग हुन्छ तर साधकको अवस्थामा चाहिँ बहुतै सावधान रहनुपर्छ ।

त्यसबखतमा स्त्रीहरूदेखि निकै टाढा रहनुपर्छ । यहाँसम्म कि भक्तिमति स्त्री भए पनि उनकहाँ बराबर धेरै जानुहुँदैन । छतमाथि जाँदा धेरै झुम्नुहुन्न, लड्ने सम्भावना हुन्छ । जो कमजोर छन्, उनीहरूले भित्ताको सहारामा चढ्नुपर्छ । सिद्ध अवस्थाको कुरा भिन्दै हो । भगवान्को दर्शन भएपछि धेरै डर रहन्न । तब निकै निर्भयता आउँछ । छतमाथि चढ्नु मात्र हो, बस काम भइहाल्यो । छतमा उक्लेपछि चाहे जो जति नाचे, उफ्रे पनि भयो । अनि हेर, जे केही छोडेर छतमा गइन्छ, तीती चिजहरू अब छोड्नुपर्दैन । छत पनि इँटा, चुन आदि मसलाले बनाएको हुन्छ भने सिँढी पनि तीती कुराहरूले बनेका हुन्छन् । जुन स्त्रीको निकट जानुमा त्यस्तो सावधानी राख्नुपर्छ, ईश्वर–दर्शनपश्चात् उनै स्त्री साक्षात् भगवती लाग्छिन् । तब उनलाई माता मानेर सम्झेर उनको पूजा गर, विशेष भयको कुरै रहँदैन ।

"कुरा यो हो कि आजु छोएपछि जे चाहे पनि गर्न सक्छौ ।" (लुकामारी खेल्दा आजु छोएपछि डुमले छुँदा पनि केही हुन्न ।)

"बहिर्मुखी अवस्थामा मानिस स्थूललाई देख्छ । तब मन अन्नमय कोषमा रहन्छ । यसपछि हो सूक्ष्म शरीर–लिङ्ग शरीर, त्यसबखत मनोमय र विज्ञानमय कोषमा मन रहन्छ । यसको पछि हो, कारण–शरीर । जब मन कारण–शरीरमा आउँछ, तब आनन्द हुन्छ । तव मन आनन्दमय कोषमा रहन्छ । चैतन्यदेवको यो अर्धबाह्य अवस्था थियो ।"

"यसपछि मन लीन हुन जान्छ । अर्थात् मनको नाश हुन जान्छ, महाकारणमा मनको नाश हुन गएपछि, फेरि कुनै खबर रहँदैन । यही चैतन्यदेवको अन्तर्दशा थियो ।" "अन्तर्मुख अवस्था कस्तो हो, जान्दछौ ? दयानन्द (आर्यसमाजका संस्थापक) ले भनेका थिए, भित्र आऊ र ढोका बन्द गर । भित्र हरेकको पहुँच हुँदैन ।"

"म दीपशिखामा यो भाव आरोपित गर्छु । ज्वालाको रातोपनलाई भन्थेँ, स्थूल, त्यसको भित्री सफेद भागलाई भन्थेँ, सूक्ष्म र सबैभन्दा भित्रको कालो भागलाई भन्थेँ, कारण–शरीर ।"

"ध्यान ठीक भइरहेको छ–छैन, यसका धेरै लक्षण छन् । एउटा लक्षण यो हो कि जड ठानेर टाउको माथि पक्षीहरू बस्न लाग्छन् ।"

"केशव सेनलाई मैले पहिले आदि समाजमा देखेको थिएँ । वेदीमा धेरै मानिस बसेका थिए, बीचमा केशव । मैले देखेँ ऊ काठ जस्तो भएर बसेको थियो । तब मैले सेझो बाबुलाई भनेँ, हेर, यसको वंशीमा लागेको चारा माछाले

खाइरहेछ । ऊ यति ध्यानी थियो कि यसैको बल र ईश्वरको इच्छाले उसले जेजति सोचेको थियो, सबै पूरा भयो । आँखा खोलेर पनि ध्यान हुन्छ, बातचितमा पनि ध्यान हुन्छ । जस्तै, ठान कसैलाई दाँतको बिमारी भएको छ, दाँत दुःखी रहेको छ ।"

ठाकुर (केटाहरूका) शिक्षक, "हो हजुर, यो कुरा मैले खुब बुझेको छु । (हास्य) श्रीरामकृष्ण (हाँस्दै– हो त नि । दाँतको बिमारी कसैलाई भएको हुन्छ, सबै काम त गर्छ, परन्तु उसको मन दाँत दुःखाइमा नै रहन्छ । यसरी ध्यान आँखा खोलेर पनि हुन्छ र कुराकानी गर्दा पनि हुन्छ ।"

शिक्षक– उनको नाम पतितपावन हो, यही नै हाम्रो भरोसा हो । उहाँ दयामय हुनुहुन्छ ।

श्रीरामकृष्ण– सिखहरूले पनि भनेका थिए । उहाँ दयामय हुनुहुन्छ । मैले सोधेँ, उहाँ कसरी दयामय हुनुहुन्छ ? तिनले भने, किन होइन महाराज ? उहाँले हाम्रो सृष्टि गर्नुभएको छ । हाम्रा लागि यति कसो वस्तुहरू तयार गरिदिनुभएको छ, पाइला–पाइलामा हामीलाई विपत्तिबाट बचाउनुहुन्छ । तब मैले भनेँ, उहाँले हामीलाई पैदा गरेर हाम्रो रेखरेख गरिरहनुभएको छ । खुवाउनु–पियाउनुहुन्छ त यसमा कत्रो ठूलो तारिफको कुरा हो र ? तिम्रा बच्चा छन् भने के कोही दोस्रो आएर तिनको रेखदेख गर्छ र ?

शिक्षक– हजुर, कसैको काम चाँडो हुने गर्छ अनि कसैको हुन्न, यसको के अर्थ होला ?

श्रीरामकृष्ण– कुरा यो हो कि धेरै कुरा त पूर्वजन्मको संस्कारबाट हुन्छ । मानिसहरू ठान्छन्, एकाएक सबै भइरहेको छ ।

"कसैले एकाबिहानै एक प्याला भरी रक्सी लिएको थियो, त्यतिले नै मातिन थाल्यो । मानिसहरू आश्चर्य गर्न लागे । उनीहरू विचार गर्न लागे, एक प्याला रक्सीमानै, यो यसरी किन मातियो ?

एकजनाले भन्यो, ए यसले रातभरि रक्सी धोकिइरहेको होला ।"

"हनुमानले सुनको लङ्का जलाइदिए । मानिसहरू आश्चर्यमा परे कि एउटा जाबो बाँदरले कसरी यो सब जलाइदियो ? तर फेरि भन्न लागे, वास्तवमा कुरा यो हो कि सीताका गरम श्वास र श्रीरामको कोपले नै लङ्का जलेको हो ।"

"अनि लालबाबुलाई हेर त । यति कसो धन छ, पूर्वजन्मको संस्कारबिना के एकाएक कहिल्यै वैराग्य हुन सक्थ्यो ? अनि रानीभवानि–स्त्री भए पनि उनमा कति ज्ञान भक्ति थियो ।"

"अन्तिम जन्ममा सतोगुण हुन्छ । त्यसबखत ईश्वरमाथि मन जान्छ, उहाँका लागि विकलता हुन्छ र तरह–तरहका विषयकर्महरूबाट मन हट्न जान्छ ।"

कृष्णदास पाल आएको थियो । मैले देखेँ उसमा रजोगुण थियो । परन्तु हिन्दु हो, यसैले जुत्ता बाहिरै फुकालेर आयो । केही कुराकानी गरेर हेरेँ, भित्र केही सार थिएन । मैले सोधेँ, "मानिसको कर्तव्य के हो ?" उसले भन्यो, "संसारको उपकार गर्नु ।" मैले भनेँ, "किन, तिमी हौ को ? अनि उपकार पनि के गर्छौ ? संसार के यति सानो छ कि तिमी यसको उपकार गर्न सक्छौ ?"

नारायण आएका छन् । श्रीरामकृष्णलाई ठूलो आनन्द भएको छ । नारायणलाई सानो खाटमा राखेर आफूसँगै बसाल्नुभयो । शरीरमा माया गरेर सुमसुम्याउन थाल्नुभयो । खानलाई मिठाई दिनुभयो र स्नेहपूर्वक पानी खानलाई सोध्नुभयो । नारायण मास्टरको स्कुलमा पढ्छन् । श्रीरामकृष्णकहाँ आउँछन्, यसैले घरमा पिटाइ खान्छन् । श्रीरामकृष्ण हाँस्दै माया गरेर नारायणलाई भनिरहनुभएको छ, तँ एउटा छालाको कुर्ता लगाउने गर त कम लाग्छ ।

फेरि नारायणसँग भन्न लाग्नुभयो, "हरिपदकी आमा बनेकी आइमाई यहाँ आएकी थिइन् । मैले हरिपदलाई खुब सावधान गरिदिएको छु । उनीहरू घोषपाडा मतका हुन् । मैले उसलाई सोधेको थिएँ, के तिम्रो कोही आश्रय छ ? उनले एकजना चक्रवर्तीलाई बताइन् ।"

श्रीरामकृष्ण (मास्टरसँग)– आहा, त्यस दिन नीलकण्ठ आएको थियो । कस्तो भाव छ । अर्को एक दिन आउँछु भनेर गएको छ । गाना सुनाउनेछ । आज उता नाच भइरहेछ । जाओ न हेर ।

(रामलालसँग) तेल छैन ? (भाँडोमा हेरेर) यसमा त छैन ।

क्रमशः

अनुवादक– प्रा.डा. शङ्करराज पन्त, मैतीदेवी

श्रीरामकृष्ण वचनामृतबाट अनुवादित

स्वस्थानी व्रतकथाको रहस्य

–सहप्रा. डा. विनुबाबा अर्याल

देवी पार्वतीले भगवान् महादेव स्वामी पाउनको लागि कठोर तपस्या गर्दै गर्दा वैकुण्ठाधिपति भगवान् श्रीविष्णु त्यस ठाउँमा उपस्थित भई तिनलाई स्वस्थानी परमेश्वरीको व्रत वसेमा उनको अभिलाषा पूर्ण हुने बताउनु भयो । स्वस्थानी परमेश्वरीको व्रत वस्ते कुराको प्रेरणा एवम् व्रतविधि भगवान् श्रीविष्णुले सर्वप्रथम दिएका थिए भन्ने कुराको जानकारी स्कन्दपुराणबाटै मिल्दछ ।

साँखुमा प्रत्येक वर्ष पौष शुक्ल पूर्णिमादेखि माघ शुक्ल पूर्णिमासम्म नित्य शुची भएर एक भक्त रही स्त्रीहरू एउटै थलोमा जम्मा भएर श्रीस्वस्थानी परमेश्वरीको सामूहिक व्रत वस्ने गर्दछन् । यसलाई नेपाल भाषामा माय् औसं च्वनेगु (माघ महिना भरि वस्ने व्रत) भनिन्छ । माघ शुक्ल पूर्णिमाको दिन यो व्रत भव्यरूपले पूजोपासना गरी समाप्त गरिन्छ । यसरी नेपाल उपत्यकाका नेवार समाजमा प्रस्तुत स्वस्थानी जगदीश्वरीको महिमालाई अत्याधिक महत्त्व दिई मानिँदै आइरहिएको छ । यहाँका अधिकांस नेवारहरूको घरमा स्वस्थानी जगदीश्वरीको महात्म्य लेखाइ राखेका हस्तलिखित ग्रन्थहरू सुरक्षित छन् । यी देवीको एक अभिलेखयुक्त शिलामूर्ति कर्णाटवंशी राजा कविन्द्र जय प्रताप मल्लले काठमाडौंस्थित तलेजु मन्दिरको पछाडिपट्टि निर्माण गर्न लगाई प्रतिष्ठापन गरेका थिए ।

स्वस्थानी जगदीश्वरीको व्रतको आरम्भ प्रत्येक वर्ष पौष शुक्ल पूर्णिमादेखि गरिन्छ । यो दिनदेखि व्रत आरम्भ गर्दा हात गोडाका नङ काटी शुची भई एक भक्त रही स्नान गरी नित्य मध्यान्ह कालमा महादेवको पूजा गर्नु गर्नुपर्दछ । पछि माघ शुक्ल पूर्णिमाका दिन अष्टोत्तरशय अक्षता, अष्टोत्तरशय रोटी, अष्टोत्तरशय बेलीपुष्प, अष्टोत्तरशय यज्ञसूत्र, अष्टोत्तरशय कुट्का सुपारी, अष्टोत्तरशय पान, अष्टोत्तरशय जात जातका फलफूल तयार गरी आर्शीमा ओमकार लेखी गङ्गाजलले स्नान गराउनु, श्रीखण्ड रक्त चन्दन, सिन्दुर, फलफूल, वस्त्र पहिराउनु, षोडषोपचारले पूजा गर्नु, जप गर्नु, स्तोत्र गर्नु, ध्यान गर्नु, अर्घ दिई ईश्वरी भनी वरदान मागेर प्रसाद झिक्नु पर्दछ । त्यहाँ पछि तिनै अष्टोत्तरशयमा आठ रोटी, आठ अक्षता, आठ वेलीपुष्प, आठ यज्ञसूत्र, आठ पान, आठ सुपारी सगुन समेत आफ्ना छोरालाई दिनु, छोरा नभए मीत छोरालाई दिनु, मीत छोरा पनि नभए जुन कामनाले व्रत गरेको छ, मेरो फलानो काम सिद्ध हवस् भनी गङ्गामा लगी बहाउनु आवश्यक छ । सय रोटी आफूले फलाहार गरेर रातमा जाग्राम बसी उनै ईश्वरीका महिमा सुन्ने र सुनाउने गर्नु जरूरी छ । यसको अन्त्यमा व्रतीको मनोकामाना पूरा हुने विश्वास गरिन्छ ।

कुनै पनि विषयको वारेमा अध्ययन गर्नु पऱ्यो भने सर्वप्रथम हामी त्यस विषयको शीर्षकतर्फ ध्यान दिन्छौं । किनकि शीर्षकले पूरा लेखको विषयवस्तुलाई समेटेको हुन्छ । स्वस्थानी अर्थत् स्वको स्थानलाई चिन्नु मनन गर्नु स्वस्थानी भित्रको गुह्य तत्त्व हो ।

मनुष्यको आफ्नो स्थान भनेको स्व हो र स्व नै आत्मा हो । मनुष्यको आत्मा एउटा यस्तो वस्तु हो जो निरन्तर ज्ञान प्राप्त गर्न खोजिरहन्छ । किनकि उसको एउटा मात्र भोजन हो ज्ञान । आत्माको ज्ञानबाट नै पशुबाट मनुष्य बन्न सकिन्छ । आत्माको सारा प्रकृयाहरू हाम्रो जीवन निर्माणको लागि पशुबाट मनुष्य बनाउनको लागि हो । मनुष्य बन्नुको अर्थ हो मानव योनीमा देवत्व लाभ प्राप्त गर्नु । र, स्वस्थानी व्रत कथा अध्यात्म स्वचिन्तन र स्वदर्शनको मार्ग प्रस्तुत गर्ने मानवीय शालिनता एवम् क्रान्तिकारी सोच हो । अध्यात्म मानिसको मानसपटलबाट चल्दछ भने धर्म सत् वस्तु धारण गर्ने विषय हो जो

मनद्वारा निर्देशित हुन्छ ।

सृष्टिको पहिलो प्रस्फुटन आत्म प्रज्वलित प्रकाश हो । प्रकाशको तेजोमय पुञ्जलाई ज्योति पनि भनिन्छ । ज्ञानको ज्योतिस्वरूप परमात्माको प्रकाश हो । वस्तुतः स्वप्रकाश तथा सर्वाश्रय शिवको सच्चा स्वरूपको नाम नै शिव हो, शुद्ध, बुद्ध, नित्य, निरञ्जन शान्त तथा स्वयं प्रकाश भनिएको छ । प्रकाशरूपी ज्ञानले नै संसारबाट तार्दछ । अतः उहाँ त्यही हो । उहाँ नै समस्त प्राणीहरूको अन्तिम विश्राम स्थान हो भनिन्छ । प्राणीहरू जहाँ गएर विश्राम पाउँछन्, ताप, पाप, मृत्यु भयादिबाट मुक्त भएर आनन्दको साथ विश्राम गर्दछन् त्यही सर्वधिष्ठान, सर्वाश्रयको नाम नै शिव हो जसलाई पार्वतीले श्रीस्वस्थानी परमेश्वरीको व्रतका प्रभावस्वरूप प्राप्त गर्न सकिन् ।

मानवले जवसम्म आफूभित्रको शाश्वत अन्तर वस्तु अर्थात् चेतनसत्ताको सही पहिचान गर्न सक्दैन तवसम्म उसले जीवनको लक्ष्य प्राप्तिलाई नै महत्त्व दिइरहेको हुन्छ । जीवनमा चीरस्थायी खुशी आनन्द र सत्कर्मका लागि आफ्नो स्व अस्तित्वको निरन्तरतालाई थाहा पाउनु पर्दछ किनकि आध्यात्मिक ज्ञानले शाश्वत गुण, मूल्य र आर्जित मूल्यको विषयमा स्पष्ट जानकारी प्रदान गरी मानिसलाई निर्णायक मनस्थिति प्रदान गर्दछ । उसभित्रको सबै प्रकारको द्वन्द्वात्मक र दोधारे मनस्थिति समाप्त भई सरल, सहज, सुखद र शान्त मनस्थितिमा नै नयाँ नयाँ अनुभव पल्लवित, पुष्पित र सुभाषित हुन पुग्दछन् ।

भक्तिको अर्थ हो– भगवान्मा प्रेम राख्नु । भगवान्प्रति अटल विश्वास लिनु । व्यक्ति जव भगवान्को भक्तिमा अटल भएर लाग्दछ उसलाई अन्य कुराले केही पनि फरक पार्दैन । उसले भगवान् शिवाय केही देख्दैन । त्यस्तो भक्तको सेवा भगवान्ले गर्नुहुन्छ ।

मानिसको जीवनमा सबैभन्दा राम्रो कुरा एकाग्रता हो । एकाग्रताको शक्ति सर्वोत्तम शक्ति हो । जसबाट आत्मा पावन बन्छ । आत्मा पावन या निस्पाप भएपछि मात्र परमात्माको दर्शन प्राप्त हुन्छ । पाप त्याग गरेको शुद्ध चित्त, शुद्ध आचरण, शुद्ध कर्म गर्नेको स्वच्छ मननै भगवान्लाई मन पर्दछ । परमात्मामा पूर्णचित्त दिएपछि मात्र आत्माको वोधप्राप्ति हुन्छ । यसरी मनरूपी पाप भवरूपी पाप, जगतरूपी पापबाट मुक्ति प्राप्त गरेपछि मात्र भगवान्को सान्निध्यमा पुग्दछ । जति भगवान्को नजिक गयो, त्यति नै समस्याको समाधान हुन्छ । भगवान्ले दिएको भएर नै देह भएको हो । देहभित्र जसले भगवान्लाई देख्दछ, त्यो नै स्रष्टा हो, आत्मा त्यो हो जहाँ ज्योति निवास गर्दछ । यहि कुरा श्रीस्वस्थानी व्रत कथाले दिन खोजेको ज्ञान हो ।

स्वस्थानी व्रत कथाका अनुसार संन्यासी बूढो भेषधारी शङ्करले बाबु दक्षप्रजापतिको दरवारबाट आफ्नी पत्नी सतीदेवीलाई कैलाश पर्वतमा लगे । एउटा थोत्रो पुरानो खरको घरभित्र भित्र्याएर र उहाँको शील स्वभावको परीक्षण गरे । पछि कैलाशको दर्शन दिए । शङ्करले सतीदेवीलाई ज्ञानको कुरा बताई अज्ञानको भित्ता च्याती मानिसले पृथ्वीमा बनाएको घर, अध्यात्मको दृष्टिले त्यो घर होइन, कारण अनित्य छ, त्यस घरलाई त छोड्नु नै पर्दछ । मनुष्यको सच्चा घर त भगवान्मा वास गर्नु हो तथा परमात्मामा लाग्नु नै हो भन्ने दिव्य ज्ञान दिएका थिए ।

स्वस्थानी व्रतकथाको सोह्रौं अध्यायमा लेखिएका 'त्यहाँ उप्रान्त एक दिन मृगरूप धारण गरेर कसैले थाहा नपाउने गरी श्लेषमान्तक वनमा गई मृग मृगिणीसँग भुली परम आनन्दले रहे ।' यी पङ्तिले हाम्रो पाशुपत क्षेत्रको महत्त्व दर्शाउँछ । त्यस्तै यसै अध्यायमा पार्वती पनि वाग्मतीको किनार गएर महाकष्टले तपस्या गरी बसिरहनु भयो भन्ने लेखिनुले वाग्मती नदीको महिमा उजागर गर्दछ । अर्को एक समयमा लङ्कादेखि दशग्रीव रावण आएर नित्य गोकर्णमा तपस्या गर्दै श्री महादेव चरणमा दण्डवत गर्दै नाच्दै गाउँदै अनेक प्रकारका बाजा बजाई तपस्या गर्न लाग्यो.......... भन्ने प्रसङ्गले हाम्रो देशमा रहेको गौरव प्राप्त हुन्छ । हाम्रो संस्कृति हाम्रो आफ्नै भूमिमा विकसित भएको गौरव थपिन्छ । स्वस्थानीको कथाका यी प्रसङ्ग हामीले आफूलाई, आफ्नो संस्कृति र सभ्यताको अग्रतालाई भेटाउने महत्त्वपूर्ण स्रोत हुन् ।

कुनै पनि राष्ट्रको अस्तित्व त्यसको संस्कृतिकै धरातलमा रहेको हुन्छ । परम्पराबाट चलिआएको व्यवहार नै संस्कृति हो । हाम्रा पूर्वजहरूको सद्विचारलाई कार्यमा परिणत गर्ने प्रणाली नै हाम्रो संस्कृति हो ।

श्रीस्वस्थानी व्रतकथाले लौकिक, व्यवहारिक, आधिभौतिक, आधिदैविक र आध्यात्मिक पक्षहरूलाई लिएर

विषयहरूको वर्णन गर्ने भएकाले ती विभिन्न पक्षहरूमा दृष्टि पुऱ्याउन नसक्नेहरूका लागि ती विषयहरूको वर्णन अन्धविश्वासले भरिएको जस्तो देखिन्छ । तर पनि वैदिक धर्मशास्त्रका प्रामाणिक वचनहरूले निर्देश गरेको विषयम कुनै पनि अन्धविश्वास हुँदैन । यो कुरा मान्छे जति जति शास्त्रको तात्पर्य बुझ्दै जान्छ उति उति उसको लागि स्पष्ट हुँदै जान्छ ।

धर्म भनेको अभ्यासको विषय हो । सही अभ्यासद्वारा यसको अनुभूति प्राप्त हुन्छ । केवल धर्मग्रन्थको अध्ययन या प्रवचन मात्रले उद्देश्य कदापि पूर्ण हुन सक्दैन । धर्मभित्र घुस्दै गएपछि प्रारम्भको अन्धविश्वास जस्तो एकोहोरो विश्वास विवेकपूर्ण विश्वासमा बदलिंदै जान्छ । आफैं विवेक विचार पुऱ्याउन पनि नसक्ने मानिसको लागि शास्त्रमा एकोहोरो श्रद्धा विश्वास पनि आवश्यक हुन्छ । कसैको लागि वैदिक धर्मशास्त्र अन्धविश्वासको विषय बन्न पुग्छ कसैको लागि प्रचलित कथामा ऐतिहासिक सत्यता नभएको पाइए पनि धेरै कम मात्रा छ भन्ने पनि देखिन्छ । त्यसलाई नकार्न पनि सकिंदैन आफ्नो आफ्नो स्वचिन्तन स्वविचार ज्ञान हो । जनतामा निजी आस्था समेत प्राप्त गरेको यस्तो प्रचलित कथालाई तथ्य हो कि होइन भनी संशय नराखी यसको रहस्य र विचारतर्फ दृष्टि दिनु उपयुक्त हुने छ । हुनसक्छ कसैको लागि वैदिक धर्मशास्त्र अन्धविश्वासको विषय हो । तथापि वैदिक धर्मशास्त्र आफैंमा अन्धविश्वास, भय र अँध्यारो गल्ली भने होइन ।

श्रीस्वस्थानी व्रतकथा हिन्दुहरूको पौराणिक कथाहरूमध्ये एउटा महत्त्वपूर्ण कथा हो । यस बारेका कितावहरू बजारमा आ-आफ्नै ढंग, सोच, तरिकाले वर्णन विश्लेषण आदि इत्यादि गरेको पाइन्छ । धेरैजसो श्रीस्वस्थानी व्रतकथाको कितावहरूमा भूगोलको वर्णन आआफ्नै तरिकाबाट गरिएको पाइए पनि मुख्य मनसाय भने पौराणिक भूगोल पाठकवर्गलाई सुसूचित गराउनु हो । हिन्दु संस्कृतिको प्रवाहलाई निर्मल गराउने विवेचनात्मक ढंगले सृष्टिको विकास क्रम देखाइएको छ । अतः पौराणिक भूगोल एवम् सृष्टिको विकासका सम्वन्धमा नयाँ शङ्काको समाधान चाहने संस्कृतिका विद्वान्का निमित्त पनि स्वस्थानी कथा निकै उपयोगी हुने छ ।

हिन्दु संस्कृति नै यस्तो संस्कृति हो, जसले विश्व संस्कृतिलाई जन्माएको छ । यो धर्म, संस्कृति, सभ्यता, इतिहास आदिमा आधारित भएको पाइन्छ । यस तथ्यलाई प्राचीन ऋषिमुनि महर्षिहरूले प्रष्ट पारेर राखिदिएका छन् । मात्र अध्ययन, मनन, चिन्तन, अनुसन्धानको आवश्यक छ ।

यदा यदा हि पुरुषः शास्त्र समाधि गच्छति
तथा तथा विजानाति विज्ञान चाडस्य रोचते ॥

(मनुस्मृति ४/२० द्रष्टव्य शान्तिपर्व १३०-१०)

विषयवस्तुका हिसावले स्वस्थानी व्रतकथा बहुआयामिक देखिन्छ । यसलाई बुझ्न बहुआयामिक दृष्टिकोणकै आवश्यकता पर्दछ । हामीले अनुभव गर्ने सबैभन्दा सुन्दर चिज नै रहस्य हो, अतः त्यस रहस्यलाई बुझ्न धार्मिक, आध्यात्मिक, सांस्कृतिक, पारस्परिक, पारिवारिक, सामाजिक, नैतिक आयमहरूसँग जोडेर वा भिन्दाभिन्दै रूपबाट छुट्याएर बुझ्न सकिन्छ ।

स्वस्थानी व्रतकथाभित्र समेटिएका एकतीस अध्याय भित्र विभिन्न पक्षहरू समेटिएका छन् । यसमा मातृशक्तिको महत्त्व दर्शाइएको छ । पितृसतात्मक समाज भए पनि शक्ति आर्जन गर्न मातृशक्तिको आराधनाबाट नै दुःखको निदान हुने विश्वासलाई देखाइएको छ ।

स्वस्थानी परमेश्वरीको पूजा गर्ने अष्टदल यन्त्र हेर्दा यो पूर्णतः मातृशक्तिको पूजा हो भन्ने बुझिन्छ । ब्राह्मी, महालक्ष्मी, चामुण्डा, इन्द्रायणी, बाराही, बैष्णवी, कौमारी र माहेश्वरी सहित अष्ट मातृकाको बीच भागमा स्वस्थानी परमेश्वरीको आसन रहेको पाइन्छ । अष्टमातृकासँग स्वस्थानी परमेश्वरी समेतको गणना गर्दा नवमातृ शक्तिको पूजन कार्य स्वस्थानी व्रतको बेलामा सम्पन्न हुने देखिन्छ ।

स्वस्थानी परमेश्वरीसँग शिवलिङ्गको पूजन शिवको आराधनामा जोडिएको पाइन्छ । यहाँनिर विचारणीय पक्ष के छ भने शिवलिङ्गको पूजा शिवको मात्र पूजा होइन, त्यो त सृष्टिको पूजा हो, स्त्री पुरुषको समागमको पूजा हो । त्यसैले शिवलिङ्गको सँगसँगै स्त्री शक्ति या प्रकृति या उमाको समेत पूजा हुने भएकोले स्वस्थानी व्रतमा खासगरी मातृशक्तिको पूजा स्वरूप हो भन्न सकिन्छ ।

मेनका पुत्री पार्वतीले आफ्नो प्रेमलाई साकार पार्न स्वस्थानी व्रत बसेको र स्त्री शक्तिको आराधनामा श्रीमहादेव

पनि नतमस्तक भई आफ्नो वास्तविक स्वरूपको दर्शन दिन बाध्य हुनुपरेको प्रसङ्ग, स्त्री शक्तिको स्वरूप बारे दर्शाइएको छ साथै विवाहको अवसरमा महादेव पार्वतीका पिता हिमालयको घर गएको, हिमालयले पार्वतीको विवाहको कन्यादान विधि गरेको बेलामा महादेवको गोत्र खोजेको र महादेवको गोत्र नभएको तथ्य नारदमुनीले बताएको प्रसङ्ग छ । कन्यादानमा गोत्रको आवश्यकता

रहेको प्रसङ्ग र गोत्रको शुरुवात बारे खोज्न ऋग्वेदकालिन समयदेखिको अध्यनको जरूरीको महसुस गराउँछ । विवाहपछि कन्याको गोत्र परिवर्तन भई गोत्र परिवर्तन हुने चलन आदि कालदेखि नै चलेको पाइन्छ र विवाहमा कन्याकै घरमा गएर विधि पूर्वक पूजा, आराधना गरेर मात्र कन्यालाई वरले आफ्नो घरमा श्रीलक्ष्मीको रूपमा भित्र्याएर घरको पूरा व्यवस्था, सुव्यवस्थामा लगेर वैवाहिक जीवनलाई सफलतातर्फ लैजाने कडिको रूपमा लिने चलन आदि कालदेखि नै पाइन्छ । अनि यहाँको परम्परामा प्रकृति र पुरुषमध्ये प्रकृतिलाई वा शक्तिलाई जन्मदाता, पालक, रक्षक, आमाका रूपमा चित्रण गरेर पूजिनु आफैंमा महत्त्वपूर्ण छ जसबाट मातृशक्तिको रहस्य बुझ्न सकिन्छ ।

पुरुषरूप धारण गरेका विष्णुले स्त्री पात्र वृन्दालाई छल गर्ने र स्त्री पात्र वृन्दाले पुरुष पात्र विष्णुलाई उल्टै वशमा पारेर, थुनेर राख्न सफल भएको देखिन्छ । वृन्दाले आफूमाथि छलगरी पति जालन्धरको हत्या गरेकोमा भगवान् विष्णुलाई तुलसी, कुश, पिपल, शालिग्राम भएर रहनु भनी श्राप दिएकाले विष्णु यिनीहरूमा रही पुजिने गरेको प्रसङ्गले पनि मातृशक्ति शक्तिको नापन गर्न सकिंदैन भन्ने अर्थ दर्शाउँछ ।

शक्तिविना ईश्वरले पनि केही गर्न सक्दैनन् । शक्ति विनाको ईश्वरको उपासना व्यर्थ हुन्छ । यस प्रसङ्गमा दक्ष यज्ञको परिणामलाई उदाहरणको रूपमा लिन सकिन्छ । भगवान् शङ्करको तिरस्कारबाट भगवती दाक्षयणी यति क्रोधित भइन् कि उनको आफ्नो प्राणलाई दक्षयज्ञमा आहूति गर्दा रूद्रका गणहरू वीरभद्र आदिले दक्षयज्ञलाई विध्वंसनै गरे । यसबाट हामीलाई यो शिक्षा मिल्छ कि ईश्वरको तिरस्कारबाट शक्तिको नाशबाट हाम्रो काम बिग्रने मात्र हैन नष्ट भ्रष्ट पनि हुन पुग्दछौं । परमात्माको ज्ञान, भगवतीको अनुग्रह, अनुकम्पाबाट मात्र हुन्छ । अरू कुनै तरिकाबाट हुँदैन । यस सन्दर्भमा प्रष्ट हुन्छ कि भगवती परमेश्वरी जगदम्वा नै हामीलाइ परमात्माको ज्ञान दिन सक्छिन्, शक्तिले भर्न सक्छिन् । अर्को कुरा, महादेवले सतीदेवीलाई पिठ्युँमा बोकेर धेरै कालसम्म ब्रह्माण्डको भ्रमण गर्दै हिँड्नुभयो । वास्तवमा यो सबै लीला श्रीमहादेव र श्रीमहादेवीको हो किनभने ब्रह्माण्ड संसारमा सम्पूर्ण शक्तिपीठहरू उत्पन्न गर्नका लागि महादेवले रचना गरेको यो लीला हो । वास्तवमा शिवशक्ति त एउटै नै हो अवतारको कारण भिन्न जस्तो देखिनुभएको मात्र हो ।

सतीदेवीले आफू र आफ्नो पति महादेवलाई बाबु दक्षप्रजापतिले गरेको अश्वमेध यज्ञमा नबोलाउँदा चित्त दुखाएको र आफ्नो पति विरूद्ध बाबुले गरेका गालीलाई

सहन नसकी अग्निमा हाम फालेको दृश्यले पतिप्रति प्रेम र बाबुप्रतिको आक्रोसलाई प्रष्ट पार्दछ भने महादेव आफ्नी पत्नी सतीको वियोगमा छटपट्टिएर मुर्च्छा परेको प्रसङ्ग छ। स्त्री पुरुष एक अर्काका परिपुरक भन्ने विश्वास दिलाएको छ।

सात वर्षकी कन्या गोमाको सत्तरी बर्षको शिव शर्मा ब्राह्मणसँगको विवाहले बालविवाह, अनमेल विवाहको प्रचलन रहेको पुष्टि हुन्छ। अनमेल विवाह, बालविवाहबाट स्त्रीले भोग्नुपरेको पीडालाई कथामा दर्शाइएको छ।

ऋषिपत्नीका माध्यमबाट यौनको मनोवैज्ञानिक पक्षलाई दर्शाइएको छ। गङ्गा स्नान गर्न गएका ऋषिपत्नीहरू यौनक्रियातर्फ आकर्षित रहेको उनीहरूको वार्तालापले दर्शाएको छ। साथै ऋषिहरूको सरापको कारणले श्रीमहादेव लिङ्गमा परिवर्तन भएको भन्ने पनि पाइन्छ।

राजा छान्ने विधि अनुरूप हात्तीले नवराजलाई राजा छानेको छ। यसले त्यस समयमा राजा जन्मजात नभएर छनोट विधिबाट चुनिने गरेको देखाउँछ भने यसबाट मध्यकालीन समाजको राजनैतिक व्यवस्था झल्कन्छ। गोरखामा द्रव्यशाह लिगलिगकोट दौड जितेर गोरखाका राजा बनेको इतिहास साक्षी छ। यसबाट स्वस्थानी कथामा काल्पनिक नभएर समाज व्यवस्थाको चरित्रको एउटा दृष्टान्त हो भन्ने बुझिन्छ। घरखर्च चलाउन नागराजाहरू देश बाहिर कामको खोजीमा हिडेको, शिवशर्मा ब्राह्मण पनि घर व्यवहार चलाउन देश वाहिर गएकोले बाहिर जाने संस्कृति त्यो समाजमा पनि रहेको बुझिन्छ।

जसले स्वस्थानी माताप्रति अनास्था एवम् घृणा भाव राख्दछ, त्यसले निकै विघ्न बाधा व्यहोर्नु परेको उदाहरण चन्द्रावतीले स्वस्थानी माताको प्रसादलाई घृणा गरेको कारणले भोग्नु परेको दुःखकष्ट, पछि स्वस्थानी माताकै आराधना गरेपछि रानी स्वरूपमा दरवारमा पुगेको प्रसङ्गहरूबाट प्राप्त हुन्छ।

आफ्ना आफ्ना स्वार्थहरू पूरा गर्ने क्रममा एक वर्ग र अर्को वर्ग बीचमा आपसी संघर्ष भइरहन्छ। जस्तो भगवान् शिव र विष्णु बीचको द्वन्द्व, महादेव र दक्षप्रजापति बीचको द्वन्द्व, महाकाली र इन्द्रादि तेत्तीसकोटी देवताहरू बीचको युद्धरूपी द्वन्द्व पाउँछौं। शिव, विष्णु लगायतका देवताहरूलाई सङ्कटको समयमा महाकालीले सघाएको सन्दर्भहरू पनि भेटिन्छ।

पितृसतात्मक समाज भएकोले छोरा वर्गलाई मान्यता दिएको देखिन्छ। जस्तो स्वस्थानी व्रतको प्रसाद आफ्नो छोरालाई, छोरा नहुँदा मितछोरालाई दिनु भनिएको छ तर छोरीलाई दिनुपर्ने उल्लेख छैन। तर पनि स्वस्थानी व्रतकथाको सार भने मातृशक्ति, नारी शक्तिको पूजा आराधनामा केन्द्रित छ। पितृसतात्मक संरचना भए पनि मातृशक्तिप्रति भक्ति, आराधना, पूजाका साथै शिव भगवान्ले महाकाली मातृशक्तिसँग सहयोगको लागि गुहारेको दृक्ष्य देख्न सकिन्छ। स्वस्थानी माताप्रति घृणा, अनास्था राख्दा दुःख पाउनु, विभिन्न नकारात्मक घटनाहरू घट्नु, देवताहरू पनि महाकालीको शरणमा पुगेर आफ्नो बचाउ गर्न याचना गर्नु आदिका प्रसङ्गले मातृशक्तिको महिमा र पूजनलाई नेपाली समाज एवम् संस्कृतिको एक आदर्श मान्ने गरी प्रचार प्रसार एवम सामाजिकीकरण गरिएको छ। पितृसतात्मक समाजको व्यवस्थामा मातृशक्तिको आराधना गरिनु अर्थपूर्ण छ। साथै मातृशक्तिको उपासना भक्ति तथा पूजनविना मानव जगत्को दुःखको नाश नहुने र मनोकांक्षा पूरा नहुने सन्देशलाई व्रतकथाले प्रस्तुत गरेको पाइन्छ।

पार्वतीले महादेव पति पाउँ भनी गरेको तपस्याले प्रेम विवाह भए पनि पार्वती र शिव बीच दोहोरो सम्वाद एवम् प्रेमालाप भएको तथ्य पाइँदैन। आफ्ना सन्तानका लागि बरवधु आमा वाबुले नै खोजेर विवाह गरिदिने सन्दर्भहरू पनि भेटिन्छन्।

कुनै पनि शास्त्रगत ज्ञानलाई त्यस बेलाको युग चेतनामा अडेर समालोचना गरिनु पर्दछ। तर त्यसलाई कथा र कर्मकाण्डमै सीमित बनाए पनि तत्कालीन संस्कृतिलाई बचाएर आधुनिक पीढीसम्म पनि आस्थाको विषय बस्तु बनिरहेको छ। त्यो खुशीको कुरा हो। तर अर्को पक्षमा हेर्ने हो भने आफ्नो पुर्ख्यौली संस्कृति र योगदान बारे उच्चस्तरबाट त्यसको सम्मान गरेर समयसँगै हिंडेर तत्कालीन विषयवस्तु जनमानसमा पस्केको यथार्थताबाट बङ्ग्याएर खिल्ली उडाएर मनगढन्ते दन्तेकथा भित्र मात्र राख्नु अवश्य पनि ठीक होइन। विज्ञान, प्रविधि, संस्कार र नीति प्रदान गर्ने पूर्वीय संस्कृति दर्शनलाई लत्याएर

प्रतीकात्मक पक्षको विरोध गर्नुमा आजकले वौद्धिकता रहेको देखिन्छ । तर आज यो विश्वको अगाडि गौरव गर्नलायक सम्पदा हाम्रो समाजमा केही छ भने त्यो वैदिक परम्पराले उब्जाएको ज्ञान दर्शन सभ्यता, संस्कृति र संस्कार नै हो । पुराना जति पनि हाम्रा धरोहरूहरू छन्, तिनलाई विस्थापित गराएर हाम्रा वैदिक सनातनीय हिन्दु धर्मका विशेषताहरूलाई सुनियोजित रूपबाट नष्ट पार्न मेकाउलीका सन्तानहरू लागिपरेका छन् । त्यसबाट हामी सचेत हुनु नै पर्दछ ।

पाश्चात्य सभ्यताको विषालु संसर्गले गर्दा मानिसहरू चाहे धर्मलाई केवल व्यक्तिगत विचार सम्झून् अथवा केवल मन्दिर मस्जिद गिर्जाघरको सीमित क्षेत्रको कुरा या विषय सम्झून तर हाम्रो राष्ट्रमा अति प्राचीन कालदेखि नै धर्मको विषय जीवनका सम्पूर्ण क्षेत्रहरूमा यति व्यापक रूपमा फैलिएर रहेको छ जसरी शरीरमा रगत । तर संविधानका अक्षरमा कोरिएको धर्म निरपेक्ष शब्दले दुर्भाग्यवश आजका युवापींढी ज्यादा जसो भ्रामक अर्थको अनुयायी बन्दै गइरहेको छ । जसको फलस्वरूप अनुशासनहीनता र अनैतिकतापूर्ण वातावरणको सिर्जना हुँदै गइरहेको छ ।

यथार्थमा शक्ति अदृश्य छिन् । अमूर्त छिन् । जीवमा छिन्, निर्जीव भूतमा पनि छिन् । सर्वव्यापी छिन् । त्यसैले ती अमृत शक्तिको मूर्त प्रस्तुति गर्नृ एक दार्शनिक, धार्मिक र सांस्कृतिक कार्य हो भने त्यहि विशिष्ट मूर्ति वा मन्दिरमा शक्तिको अनुभूति गर्नु नितान्त व्यक्तिगत र आध्यात्मिक कुरा हो अनि त्यहाँ शक्ति उपस्थित भएका मान्नु नमान्नु व्यक्तिगत स्वतन्त्रता हो ।

वैदिक सभ्यता सृष्टि सम्वन्धी खोज गर्ने एक अग्रणी सभ्यता हो । वैदिक सभ्यताको चिन्तन पद्धति विश्वका अन्य ठाउँका परम्पराहरूभन्दा उल्लेख्य रूपमा फरक रहेको पाइन्छ । यहाँ सृष्टि सम्वन्धी एउटा मात्र अवधारणा छैन । ईश्वर एक छ भनिन्छ । तर यहीं अनेकौं भगवान्को पूजा हुन्छ । ईश्वर आत्मालाई एकै मान्ने अद्वैतवाद, फरक मान्ने द्वैतवाद सहित अन्य अन्य वाद यहीं छन् । यहाँ अनेकौं मार्ग, विचार, मत र विरोधाभासहरू छन् अन्धविश्वासको पोको, विश्वासको धरोहर, आलोचना गर्नलायक, प्रशंसा गर्नलायक, फ्याक्न लायक, राख्न लायक, नजान्न लायक, जान्न लायक, जस्तो लाग्छ । खिल्ली उडाउनको लागि यहाँ जतिपनि खुराक छ । सम्वर्द्धन गर्नका लागि पनि त्यत्ति नै खुराक छ । त्यसैले यहाँको प्राचीन साहित्यको भण्डार ठूलो छ । अन्यौलपूर्ण पनि छ यति हुँदाहुँदै पनि अनेकौं विविधता र विचित्र्ययुक्त वैदिक परम्परा आजसम्म जीवित छ । त्यसलाई सृष्टिकालीन समयसम्म जीवन्त राख्न समयको माग एवम् उदारतामने नाममा धर्मको मौलिकताको परित्याग नगरी सबै धर्मप्रति आदर र आफ्नो धर्ममा दृढ आस्था र विश्वास राख्नु यही नै श्रेयस्कर हुन्छ ।❖

–बत्तीसपुतली, काठमाडौं

सडकमा वेवारिसे छाडिएका गाईबाच्छा, साँढेहरूको

संरक्षणमा हातेमालो गरौं ।

पृथ्वी सबैको साझा घर हो। यहाँ सबै प्राणीहरूले बाँच्न पाउने अधिकारको सुनिश्चितता गरौं। हरेक दिन गाईबाच्छाहरूका लागि केही दान गरौं। जन्मोत्सव, विवाहोत्सव आदि शुभकार्यहरू र अन्य उत्सव या स्मृतिमा गौमाताको सेवामा केही योगदान गरौं। आफू पनि बाँचौं र अवोध प्राणीहरूलाई पनि बचाऔं। सेवा नै सबैभन्दा ठूलो धर्म हो। जय गौमाता !

नन्दी सेवा स्थल

मन्दिर गाई बाच्छा बचाऊ तथा समाज विकास अभियान

फूल पसल लाइन, वनकाली, सम्पर्क: ९८०८२९७४८५, ९८४१२०४००६

संविधान र धर्मनिरपेक्षता

–डा. वी.पी. बडाल

संविधान

नेपालको संविधान (२०७२) अनुरूप, नेपाल लोकतान्त्रिक गणतान्त्रिक मुलुक हो। संविधानको भाग १ को धारा ४ को उपधारा १ बमोजिम, "नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्तासम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो" भन्दै धर्मनिरपेक्षताको स्पष्टीकरणमा "धर्मनिरपेक्ष" भन्नाले सनातनदेखि चलिआएको धर्म–संस्कृतिको संरक्षण लगायत धार्मिक, सांस्कृतिक स्वतन्त्रता सम्झनुपर्छ" भनिएको छ।

लोकतन्त्रको विश्वव्यापी मान्यता अनुरूप राज्यले सबै मार्गलाई समान व्यबहार गर्नुपर्छ। राज्य सबै प्रकारका साम्प्रदायिक क्रियाकलापभन्दा पर रहनु पर्दछ। राज्य पन्थनिरपेक्ष हुनुपर्छ। संवैधानिक रूपमा नेपाल धार्मिक स्वतन्त्रता सहितको सनातन पन्थनिरपेक्ष राष्ट्र हो। नेपालका जैन, बौद्ध, बोन, किराँत, शैव, वैष्णव, पाशुपत, गणपत, शाक्त, सौर्य, प्रणामी, शिख आदि सबै पन्थ (मार्ग) हुन्। यी सबैको साझा सभ्यता वा दर्शन नै वर्तमानको हिन्दुधर्म हो। यी सबै पन्थको आधारभूत मान्यता जीवनको आधार भनेकै– पञ्चमहाभूत– पृथ्वी, जल, वायु, अग्नि र आकाश हो। त्यसैले हिन्दु धर्मको सार नै प्रकृति हो। प्रकृतिको संरक्षण नै धर्म हो। त्यसैले हाम्रो धर्म सनातन देखि चलिआएको प्रकृति धर्म हो। प्रकृति पन्थ निरपेक्ष हुन्छ। प्रकृति सत्य हुन्छ त्यसैले हरेक स्थानमा सत्य अनिवार्य हुन्छ। धर्म निरपेक्षताको स्पष्टीकरणको आधारमा हाम्रो संविधान पन्थ निरपेक्ष संविधान हो।

वेद के हो ?

नेपाल धर्मनिरपेक्ष भनिएता पनि यो पन्थनिरपेक्ष, सनातन हिन्दु, लोकतान्त्रिक, गणतान्त्रिक मुलुक हो। विश्व ब्रह्माण्डको कुनै पनि चिजको "सृष्टि हुन्छ, त्यसको स्थिति हुन्छ र प्रलय हुन्छ"। यो एक मात्र विश्वव्यापी सत्य हो। त्यसैले जसरी हरेक परमाणुमा इलेक्ट्रोन, प्रोटोन, र न्युट्रोन अवस्थित छ, त्यस्तै सृष्टिका हरेक बस्तुमा ब्रह्मा, बिष्णु र महादेवको अवस्थिति प्रमाणित छ। यो प्रमाणित सत्य वेदमा सबैभन्दा पहिले इशापूर्व १५ औं शताब्दीतिर नेपालको तनहुँ जिल्लाको व्यास नगरपालिकामा लेखिएको थियो। वेद (सत्य) नै विश्व सभ्यताको पहिलो ग्रन्थ हो जुन नेपाल मै लेखिएको थियो।

"वेद" हिन्दु धर्मको आधारभूत ग्रन्थ नै विश्वको पहिलो पुस्तक हो। विश्वमा सबैभन्दा पहिला पुस्तक लेख्ने देश नेपाल हो। लिपी, भाषा, छन्द, लगायत वेद ग्रन्थको संस्कृत साहित्य र पाणिनिको व्याकरण नेपाल मै प्रादुर्भाव भएको देखिन्छ। त्यसैले वेद भनेको सत्य हो र सत्य नै धर्म हो। धर्म नै गुण प्रकृति हो। ऐतिहासिक, धार्मिक, सामाजिक, सांस्कृतिक, भाषिक, सांगीतिक, एवं प्राकृतिक रूपले नै पश्चिममा रावी नदी, दक्षिणमा यमुना–गंगा नदी, उत्तर पश्चिममा ब्रह्मपुत्र तथा कैलास मानसरोवर भित्रको क्षेत्रलाई नै विशाल नेपाल भनिन्छ। वेदको यो सत्य नै नेपालमा उत्पत्ति भएको हो। यो सिद्धान्त नै नेपालमा उत्पन्न भएको हो। यहि सनातन सत्य सभ्यतालाई कालान्तरमा हिन्दू धर्म भनियो।

हिन्दु धर्म के हो ?

विश्वमा योगी नरहरिनाथले भने झैँ हिमालयको दुध झैँ (हिमदुध) निर्मल पवित्र जलले सिंचित भूगोलको यहि सभ्यतालाई हाल हिन्दु (रिलिजन) भनिन्छ। यद्यपी हिन्दु रिलिजन होइन। हिन्दु धर्म हो, भूगोल हो, जनसंख्या हो र सनातन सभ्यता हो। हिन्दुधर्म सनातन प्रकृति पूजाको निरन्तरता हो। शास्त्र अनुसार भगवान् भनेको भूमि, गगन, वायु, अग्नि र नीर(पानी)को वैज्ञानिक समिश्रण हो। त्यसैले

भगवान् सबैको हुन्छ। किनभने प्रकृति सबैको हुन्छ, प्रकृतिमा चेतना मिसिए पछि मानवको सृजना हुन्छ, यो दर्शन नेपाली हो।

आस्तिक, नास्तिक, भौतिक आध्यात्मिक (सांख्य, न्याय, बैषेशिक, सौतान्तृक, वेदान्त, अद्वैत वेदान्त, जैन, किराँत तथा बौद्ध) सबै दर्शनको एकीकृत छाता दर्शन नै नेपालमा उत्पत्ती भएको सनातनहिन्दू दर्शन हो। शास्त्रमा हिन्दु शब्द प्रयोग नभएको, इन्दस नदीबाट अपभ्रंश भएको, अरव तथा मुगलहरूले नकारात्मक टिप्पणी स्वरूप हिन्दु शब्द प्रयोग गरिएको भन्ने विभिन्न चर्चा हुने गरेका छन्। यद्यपी नेपालको पवित्रभूमिबाट उत्पन्न भएको विश्वको तेश्रो ठुलो धर्म (रिलिजन) नै हिन्दु हो। तर, हिन्दु धर्म "धर्म" हो, सत्य हो, सभ्यता हो र जीवन दर्शन हो। यो रिलिजनमात्र होइन। हिन्दुधर्म कुनै एउटा गुरूले प्रतिपादन गरेको पन्थ होइन। माताप्रकृतिको देन, यो जीवन, फेरि यहि प्रकृतिमा शरणागत हुनु नै हिन्दुधर्मको सार हो। प्रकृति गुणधर्मसापेक्ष तर पन्थनिरपेक्ष हुन्छ। धर्म सत्य हुन्छ। त्यसैले हिन्दु धर्म सत्य, व्यवहारिक र वैज्ञानिक धर्म हो।

छुवाछूत तथा भेदभाव

शरीर मन्दिर हो। आफ्नो शरीर आफ्नो अधिकार हो। कसैको शरीर कसैले छुन मिल्दैन। जो पायो त्यसैको शरीरमा छोएमा रोग लाग्छ। यो विज्ञान हो, भेदभाव होइन। यो प्रेम, सहृदयता र समर्पण हो। धर्म अर्थात् सत्य स्थापना गर्न कसैलाई कुनै बन्देज छैन। धर्ममा कुनै छुवाछुत अथवा भेदभाव छैन। प्रकृतिमा जुन मार्ग हिंडे पनि हुन्छ। हाम्रो समाजमा (तपाईं हामीभित्र) जातभात छुवाछूत छ, तर धर्ममा होइन। समाजको (हाम्रो)गल्तीलाई धर्मको गल्ती भन्नु मुर्खता हो। धर्म भनेको पाप होइन। पाप अर्थात विभेद वा छुवाछूत धर्म होइन।

जातभात, उचनीच, छुवाछुत आदि सबै सामाजिक कुरीति हुन्। सामाजिक कुरीति र भ्रष्ट आचरणको अन्त्य हुनैपर्छ। रोग समाजमा छ दोष सभ्यतालाई दिनु भुल हो। हिन्दुधर्म सबैभन्दा वैज्ञानिक सभ्यता तथा दर्शन हो। अतिथि देवो भवः। अतिथिको अथवा भनौं भगवान् शिवको जात, धर्म, वर्ण, लिंग के हो ? यो ब्रह्माण्डमा अतिथिलाई देवता मान्ने कुनै धर्म छ र ? भगवाद्गीताका अनुसार त गाई, हात्ती, सर्प, सुन, ढुंगा, माटो, चन्द्र, सूर्य, समुद्र, पहाड, रूख, चण्डाल आदि सबैलाई समान देख्नु पर्छ। सबै हामी जस्तै यहि प्रकृतिका अंग हुन्। हिन्दु सनातन धर्म कम्युनिष्ट भन्दा पनि प्रगतिशील, समानतावादी, र मानवतावादी धर्म हो। गुण अनुसार कर्म र कर्म अनुसार पहिचान निर्माण गर्न मानव पूर्ण स्वतन्त्र छ। कर्मले पहिचान निर्माण हुन्छ। त्यसैले विश्वको सबैभन्दा स्वतन्त्र र प्रगतिशील धर्ममा छुवाछुत भेदभाव छ भन्नु अज्ञानता हो।

लैंगिक विभेद

सांख्य दर्शन अनुसार प्रकृति र पुरूष मिलेर एक जीवन निर्माण हुन्छ। प्रकृति शरीर हो भने पुरूष आत्मा हो। शरीर र आत्मा मिलेर जसरी एक जीवन बन्छ त्यस्तै नछुटिने गरी महिला र पुरूष मिले पछि मानव जीवन पूर्ण हुन्छ। एकल जीवनको कल्पना नै गरिएको छैन। अर्धनारेश्वर महादेव भगवान् पशुपतिनाथ नै वास्तविक एक जीवनको प्रतिनिधित्व हो। यसमा विभेद हुँदैन। महिला र पुरूष मिलेर एक जीवन बन्छ। एकमा कसरी विभेद हुन्छ ? दुई भए पछी द्वन्द्व हुन्छ। महिला र पुरूष मिलेर एक हुन्छ, पूर्ण हुन्छ। तर पश्चिमले महिला र पुरूषलाई दुई देख्छ र द्वन्द्व देख्छ अनि समानता खोज्छ। त्यसैले हिन्दूधर्ममा लैंगिक विभेद छ भन्नु अज्ञानता हो। पश्चिमी प्रभावले गर्दा समाजमा केहि विभेद देखिन्छ। यसको न्यूनीकरण गर्न धार्मिक (सत्य)ज्ञान हरेक घर घरमा पुऱ्याउनु आवश्यक छ। सत्यमा विभेद छैन।

धर्म निरपेक्षता भनेको नै पन्थ निरपेक्षता हो। राज्य कुनै पनि सम्प्रदायको होइन अर्थात् सबै सम्प्रदायको हो। नेपालको संविधान धर्मनिरपेक्ष लेखिएको तर अर्थ लगाउँदा धर्मसापेक्ष संविधान हो। वास्तवमा भन्नु पर्दा यो पन्थ निरपेक्ष संविधान हो। जीवनको लक्ष्य पुरा गर्न जुन मार्ग हिँडे पनि मानवीय धर्म पुरा गर्नुपर्छ। हिन्दु सनातन धर्म सभ्यताका आधारमा यस पवित्र भूमिमा उत्पन्न भएका सबै जगतहिताय ज्ञान मार्गको विकास गर्नु नै राज्यको प्रमुख दायित्व हो। त्यसैले स्थानीय सरकारको माग बमोजिम सत्यमा आधारित मठ, मन्दिर, गुम्बा, बिहार, गुरूकुल, गुरूद्वार, निर्माण गर्न, धर्म संस्कृतिको संरक्षण गर्न, नेपाल सरकार संवैधानिक रूपले नै स्वतन्त्र देखिन्छ।❖

(लेखक पशुपति क्षेत्र विकास कोषका सञ्चालक परिषद् सदस्य हुनुहुन्छ)

शिवरात्रिले सबैलाई जगाउँछ

-हरिप्रसाद सोडारी

नेपाल शैव क्षेत्र भएकाले शिवसँग सम्बन्धित अनुष्ठान, दर्शन, साधना र अध्ययनका लागि अपूर्व मानिन्छ । महाज्योतिर्लिङ्ग अर्थात् पशुपतिका राष्ट्रका नामले परिचित हुनाले सनातनवादीले पूजनीय, दर्शनीय स्थल मान्दछन् । बालाचतुर्दशी, साउन महिना, सोमबार, शिवरात्रिका अवसरमा दर्शनार्थी र साधकहरूको घुइँचो लाग्छ । नाङ्गाबाबाहरूमात्र होइन स्वयं महादेव नै गुप्तरूपमा यहाँ विचरण गर्नुहुन्छ । केही वर्षअघिसम्म विभिन्न साधुहरूको दर्शन गरी लौकिक र अलौकिक लाभ लिनेहरूको संख्या निकै थियो । राज्य, पशुपति क्षेत्र विकास कोष, स्थानीय, नेपालका धार्मिक संगठन र सम्बन्धित सरोकारवालाहरूको गैह्र जिम्मेवारीले गर्दा नाङ्गाबाबा र गँजडीहरूको पर्वलाई शिवरात्रिको रूपमा लिने क्रम बढ्दो छ ।

रात्रिमा जन्मिए पनि तिथि वा मितिविशेषमा जन्मदिन मनाउँछन् तर जन्मरात्रि मनाइँदैन । रात्रिले अँध्यारो, अज्ञान, अशुभमात्र बताउँदैन यसले साधनाको गम्भीर अर्थलाई लुकाएर राखेको छ । औँशीका रातमा विशिष्ट साधकहरूले गुप्तरूपमा अनुष्ठान गर्ने परम्परा अझैँ जीवित छ । लक्ष्यप्राप्तीमा रात्रिको साधनाले अहंभूमिका खेल्छ । यसकारण मोहरात्रि, कालरात्रि, सुखरात्रि र शिवरात्रि महनीय दिन मानिन्छन् । यी रात्रिका अनुष्ठानले चार पुरुषार्थ सिद्ध गर्न सहयोग गर्छ । शिव अर्थात् ज्ञान प्राप्त गर्ने रात्रिलाई शिवरात्रि भनिन्छ । जुन दिन र रात्रिमा चतुर्दशी तिथि हुन्छ, त्यसलाई निश्चित रूपले शिवरात्रि मान्नुपर्छ । एक वर्षभित्र पर्ने शिवरात्रिमध्येको सर्वोत्कृष्ट रात्रिलाई महाशिवरात्रि भनिन्छ । शिवरात्रिमा शिवअनुरागीहरूले स्वास्थ्य, उमेर, स्थान आदिलाई ध्यान दिई जलाहार, फलाहार, निराहार व्रत बस्न सक्छन् ।

व्रतमा आचरण, भोजन, परम्परा, साधना विधि आदिमा विशेष ध्यान दिइन्छ । गाँजाहार, धतुरोआहार, चरेशाहार गरी व्रत बस्ने नियम शास्त्रमा उल्लेख छैन । देवीदेवताले खाँदैनन् बरू भक्तले चढाएको पदार्थलाई प्रसाद वा अमृत बनाइदिन्छन् । गाँजा पिएर महादेव बन्न खोज्नेले सर्पका माला लगाएर, कम्मरमा बाघको छाला बेरेर, हिमालमा बसेर, खरानी घसेर, मशानघाटमा साधना किन नगर्ने ? महादेवले गणेश एवम् दक्षप्रजापतिमा क्रमशः

हात्ती तथा बोकाको टाउको जोडे, कालकुट विषको सेवन गरे के हामीले ती कार्य गर्न सक्छौँ ? शास्त्र अध्ययन नगरी देवीदेवतामाथि आरोप लगाउँदा पुर्खामाथि अन्याय, शास्त्रमाथि प्रहार, देवीदेवतामाथि अपमान, संस्कारमाथि अत्यचार हुन्छ । महादेवबुटी मानेर मादक पदार्थ गाँजा, धतुरो आदि खानु महाअपराध हो । गाँजा मध्य एशियामा

अनादिकालदेखि पाइने औषधीय गुण भएको वनस्पति हो ।

शिवरात्रिसमं पुण्यं नास्ति यज्ञसहस्रकैः ।
मासे मासे कृष्णपक्षे या भवेच्च चतुर्दशी ॥
शिवरात्रिस्तु सा ज्ञेया व्रतानामुत्तमोत्तमा ॥

-अपराजितपृच्छा (३१।३९-४०)

अर्थात् "शिवरात्रिको समान पुण्य हजारौँ यज्ञ गर्दा पनि प्राप्त हुँदैन । प्रत्येक महिनाको कृष्णचतुर्दशीलाई शिवरात्रि सम्झिएर व्रत गर्नु उत्तम हुन्छ ।" एक वर्षमा शिवा, शान्ता, सिद्धिदा, जया, मनोरमा, कान्ता, आह्लादा, सौम्या, शुभा, मणिप्रभा, विश्वा र विश्वकृदुद्भवा नाम गरेका बाह्रवटा चतुर्दशीहरू प्रसिद्ध छन्, यिनीहरू मंसिर महिनाबाट आरम्भ भएर कार्तिक महिनामा पूर्ण हुन्छन् । रात्रि शब्दमा रहेको 'रा' ले ऐश्वर्य, "त्र' ले 'रक्षागर्नु' भन्ने बुझाउँछ । "शिव एवं रा धनं तत् त्रायतेति शिवरात्रम्" अर्थात् शिवले धनको रक्षा गर्ने रात्रिलाई शिवरात्रि भनिन्छ । रातमा जन्मिए पनि 'जन्मरात्रि' होइन जन्मदिन भनिन्छ । शिवसँग जोडिएको रात्रि शब्दको 'रात वा अन्धकार' नभई सम्पत्ति, शक्ति, ज्ञान, आनन्द भन्ने अर्थ हुन्छ । शिवको आशीर्वाद प्राप्त गर्ने, साक्षात्कार गर्ने, अभ्युदय प्राप्त गर्ने रात्रिलाई शिवरात्रि भनिन्छ । शिवरात्रिमा उपवास, रात्रि जाग्रम र शिवपूजा गरी तीन विधिबाट शिवको अनुष्ठान गरिन्छ । चाण्डालदेखि मनुष्यसम्म सबैले शिवरात्रिमा व्रत बस्दा इच्छाएको फलसहित मुक्ति प्राप्त हुन्छ । शिवरात्रिको महिमा शिवपुराण (कोटिरूद्रसंहिता, ३७ अध्याय)को एउटा कथाले बताउँछ ।

कुनै वनमा हत्या र कुकर्म गर्ने गुरूद्रुह नामको बलवान् भिल्ल बस्दथ्यो । मृगहरू मार्ने र चोरी गर्ने कार्यबाट परिवारको पालनपोषण गर्थ्यो । एकपटक शिवरात्रिको दिन उसका परिवारले भोकले व्याकुल छौँ, खाने कुरा देऊ भने । गुरूद्रुह तुरून्तै शिकारमा गए पनि केही पाएन, सूर्य अस्ताए । अत्यन्त दुःखित भएर जलाशयका नजिकमा राति जनावर पानी पिउन आए शिकार गरी घर जाउँला भनी बेलको रूखमा चढेर बस्यो । रातको पहिलो प्रहरमा एउटी मृगिणी तिर्खाले आत्तिएर त्यहाँ आई । भिल्लले बाण हान्न लाग्दा रूखको हाँगो हल्लिएर उसले लिएको जल र बेलपत्र खसेर शिवलिङ्गमा पऱ्यो । सौभाग्यवश भिल्ललाई

ज्ञान नभएर पनि शिवको पहिलो प्रहरको पूजा हुन गयो र सारा पाप नष्ट भए । भिल्ललाई देखेर मृगिणी डरले व्याकुल हुँदै भनी "हे व्याधा ! तिमी के गर्न चाहन्छौ ?"

भिल्लले भन्यो "मेरा परिवार भोकै छन्, तँलाई मारेर उनीहरूलाई खुवाउँछु ।"

मृगिणीले- "अनर्थ गर्ने यो शरीरको मासु खाएर तिमी सुखी हुन्छौ भने मेरा लागि महापुण्य हुन्छ । मेरा बच्चाहरूलाई अन्तिमपटक भेट गरी श्रीमान्लाई जिम्मा लगाउन देऊ ।" भनी बाचा गरेपछि छोडिदियो ।

राति अबेरसम्म घर नफर्केपछि मृगिणीकी बहिनीहरूले उसलाई खोजी गर्दै त्यहीँ आइपुगे । व्याधाले पहिलाजस्तै बाण उठाउन खोज्दा जल एवं बेलपत्र शिवलिङ्गमाथि पऱ्यो र दोस्रो प्रहरमा पूजा भयो । यसबाट व्याधाले सुख प्राप्त गऱ्यो । मृगिणीहरूले व्याधालाई देखेर जीवनयाचना गरे । व्याधाले पहिलेजस्तै वाचा गरी छोडिदियो । प्रतिज्ञा गरेर आएका सबै मृगिणीहरूले एक अर्कासँग सम्बन्धित घटना सुनाए । उनीहरूले प्रतिज्ञा गरेको हुनाले जानैपर्छ भन्ने

अठोट गरे । जेठी मृगिणीले आफूमात्र जाने कोशिस कुरा सुनाएपछि कान्छीले भनी– "म तपाईकी सेविका हुँ, त्यसैले म जान्छु ।"

मृग र मृगिणीहरूले आफ्ना सन्तानलाई सम्भाई छिमेकीहरूको जिम्मा लगाएर व्याधासमक्ष आए । तिनीहरूलाई देखेर व्याधाले खुशी हुँदै धनुमा बाण चढाउँदा रूखको हाँगो हल्लिएर फेरि शिवलिङ्गमाथि जल र बेलपत्र पऱ्यो । शिवपूजाका प्रभावले उसलाई दुर्लभ ज्ञान प्राप्त भयो । व्याधाले भन्यो– "हे मृगश्रेष्ठ हो ! तिमीहरू धन्य छौ, आफ्ना आश्रममा जाओ ।"

अज्ञानवश भए पनि शिवलिङ्गमा पूजा गरी व्याधाले मुक्ति पायो । विधिविधान र श्रद्धारहित भएर गरेको शिवपूजाबाट त फल मिल्छ भने श्रद्धाभक्तिसहित गरेको शिवपूजाबाट अनेकौँ लाभ अवश्य प्राप्त हुन्छन् । यस्तो महनीय रात्रि नै शिवरात्रि हो ।

तस्य रात्रिः समाख्याता शिवरात्रिः शिवप्रियाः ।
तस्यां सर्वेषु लिङ्गेषु सदा संक्रमते हरः ॥
यानि कानि च लिङ्गानि चराणि स्थावराणि च ।
तेषु संक्रमते देवि तस्यां रात्रौ यतो हरः ॥
शिवरात्रिस्ततः प्रोक्ता तेन सा हरबल्लभा ।

कालमाधव (पृ. ३६६)

फागुन महिनाका पर्व तथा विदा

१ गते मङ्गलचौथी
२ गते श्रीपञ्चमी,
३ गते स्कन्धषष्टी
४ गते अचला सप्तमी
६ गते द्रोण नवमी
७ गते प्रजातन्त्र दिवश
८ गते भीमाएकादशी व्रत
९ गते अन्तर्राष्ट्रिय मातृभाषा दिवस/प्रदोष व्रत
११ गते पूर्णिमा व्रत/पशुपतिनाथको छाया दर्शन
१२ गते श्रीस्वस्थानी व्रत समाप्ती/माघ स्नान समाप्ती
२३ गते विजया एकादशी व्रत
२५ गते महाशिवरात्रि व्रत/सिलाचःह्रे पूजा/नारी दिवस/प्रदोष व्रत
२८ गते ग्याल्पो ल्होछार ।

अर्थात् "यो रात्रि शिवजीको रात्रि भएकाले शिवको प्रिय छ । यस रात्रि सबै शिवलिङ्गहरूमा शिव रहनुहुन्छ । चर र स्थावरलिङ्गमा त्यो रात शिव रहने भएकाले हे देवी ! शिवरात्रिलाई हरबल्लभाको नामले पनि चिनिन्छ ।" यस रात्रिमा थोरै परिश्रमले शिवको साक्षात्कार वा मृत्युपछि शिवसायुज्य प्राप्त हुन्छ । राति जाग्राम बस्ने, धुनी ताप्ने, शिवसम्बन्धी भजन गाउने, रूद्राक्षका मालाले मृत्युञ्जयलगायतका मन्त्र जप्ने गर्दछन् । शैव, वैष्णव वा अन्य जसका पूजक भए पनि शिवरात्रिमा शिवको पूजा गर्दा सबै पूजाको फल प्राप्त हुन्छ ।

शिवरात्रिको साँझपख शिवधुनीका रूपमा दोबाटो–चौबाटोमा आगो बालिन्छ । धुनीलाई अज्ञानको अन्त्य, जागरणको प्रतीक मानिन्छ । धुनी ताप्दा रोग हट्छ, धुनीमा पाकेको भोजन प्रसाद हुन्छ, धुनीको खरानी विभूति (ईश्वर स्वरूप) मानिन्छ । धुनीमा बसेर शिवको चिन्तन, स्तोत्र र मन्त्र पाठ गर्ने अवसरलाई भुलेर गाँजा तान्ने विकृति बढेको छ । महादेव खरानी घस्छन् अर्थात् धुनीप्रिय छन् । शिवरात्रिको दिनमा अनिवार्य पानी पर्छ, विस्तारै जाडो घटेर गर्मी बढ्दै जान्छ र खेतीपाती गर्ने तयारी हुन थाल्छ ।

लौकिक रूपमा पनि यसको उत्तिकै महत्त्व छ । शिवरात्रि साधना गर्ने रात्रि हो, ज्ञान र ऐश्वर्य प्राप्त गर्ने रात्रि हो, अनेकौँ जन्मका पापलाई नाश गर्ने रात्रि हो । भावनात्मक रूपले हृदयमा शिव राखेर प्रार्थना र चिन्तन गर्ने अवसर हो । धार्मिक अनुष्ठान गर्दा मानसिक र शारीरिक शुद्धी हुन जरूरी छ तर गाँजालगायतका मादक पदार्थ खाने शास्त्रीय चर्चा छैन । हाम्रा पर्वले परमात्मासँग जोड्न सिकाउँछ, मादक पदार्थ पिएर समाजमा वितण्डा मच्चाउन लगाउँदैन । यसैले शिवजस्तै 'सत्यं शिवं सुन्दरं' हुनका लागि शिवरात्रिमा शिवको अनुष्ठान र साधना गर्नुपर्छ ।❖

–खोप्लाङ, गोरखा

पशुपति क्षेत्रका एकमुखी शिवलिङ्गहरू

-कुमार खतिवडा

पशुपतिनाथ बरावरको तीर्थ क्षेत्र ब्रह्माण्डमा नै छैन । भगवान् श्रीपशुपतिनाथको अलौकिक महिमाले गर्दा सिद्ध महात्माहरू, अष्टचिरन्जीवी, योगी, संन्यासीहरू तथा देवीदेवताहरू समेत यस परम पवित्र स्थानमा आई तपस्या तथा साधना गर्ने गर्दछन् । सूक्ष्मभन्दा पनि सूक्ष्म रूपमा प्राणीहरूको हृदयमा विराज गर्ने हुँदा सम्पूर्ण प्राणीहरूको प्राणेश्वरको रूपमा पनि भगवान् श्रीपशुपतिनाथलाई पुज्ने गरिन्छ ।

सृष्टिका सारा जीवहरूको मालिक नै श्रीपशुपतिनाथ भएकोले जीवहरूको कल्याणको लागि विभिन्न स्थानमा भिन्नभिन्न रूपमा प्रकट भई भक्तजनहरूलाई दर्शन दिने परमात्माको वर्णन सिमित आयु भएका जीवहरूबाट कदापी हुन सक्दैन तै पनि उहाँको गुणगान तथा पवित्र भावनाले उपसना गर्ने जीवहरूको अवश्य कल्याण हुन्छ ।

भगवान् शिवको साकार एवम् निराकार दुवै रूपलाई पुजिने चलन छ । शिवलिङ्गलाई भगवान् शिवको निराकार रूप मानिन्छ । शिव, महादेव, नृत्यनाथ, नीलकण्ठ, महेश्वर, वृषवाहन, उमामहेश्वर, अर्धनारीश्वर, हरिहर आदि भगवान् शिवका साकार रूप हुन् भने निराकार रूप पनि विभिन्न छन् । पवित्र पाशुपतक्षेत्रमा पनि विभिन्न स्थानहरूमा भिन्न आकार प्रकारका शिवलिङ्गहरू देख्न सकिन्छ । जस्तै सादाशिवलिङ्गहरू, एकमुखमात्र भएका शिवलिङ्गहरू तथा चारमुख भएका शिवलिङ्गहरू देख्न सकिन्छ । पाशुपतक्षेत्रका विभिन्न स्थानहरूमा शोभायमान भएर बसेका एकमुखी शिवलिङ्गहरूका बारेमा यहाँ उल्लेख गर्न खोजिएको छ ।

१. अपमृत्यूहरेश्वर (सिद्धेश्वर) महादेव

श्रीपशुपतिनाथ मन्दिर प्राङ्गणको पूर्वतर्फ अपमृत्यू हरेश्वर (सिद्धेश्वर) महादेवको दर्शन गर्न सकिन्छ । यहाँ रहेको महादेवको विग्रह एकमुख लिङ्गको स्वरूपको छ । यहाँ आउने भक्तजनहरूले ठूलो स्वरले जय शम्भो भनेर भगवान्लाई आफू दर्शनको लागि आएको जानकारी गराउँछन् । त्यसो गर्दा भगवान्ले सुन्नु हुन्छ भन्ने जनविश्वास रहेको छ । यहाँको एकमुख लिङ्ग पश्चिमतर्फ फर्केको छ । पशुपतिनाथ दर्शनका क्रममा भगवान्का वरिपरिका गणहरूको दर्शन गरेपछि श्रीको मन्दिरको दर्शन गर्ने पद्धति छ । यहि दर्शनक्रममा अपमृत्यूहरेश्वर (सिद्धेश्वर)महादेवमा गई जय शम्भो नभने दर्शन अधुरो रहने जनविश्वास छ । यहाँको एकमुख लिङ्गमा श्रीवासुकीनाथका पुजारीबाट नित्य पूजा हुने गर्दछ ।

२. पूर्णेश्वर एकमुखीशिवलिङ्ग (कोटीलिङ्गेश्वर प्राङ्गण)

श्रीपशुपतिनाथमन्दिर प्राङ्गणको दक्षिणतर्फ कोटीलिङ्गेश्वर महादेवको दर्शन गर्न सकिन्छ । आम भक्तजनहरूले यहाँको महादेवलाई ६४ महादेव पनि भन्ने गरेको पाइन्छ । तर यहाँ ६४ मात्र होइन कुल ५२५ शिवलिङ्गहरू रहेका छन् । यहाँ आई परिक्रमा गर्दा आफ्नो मनोकाङ्क्षा पूर्ण हुने जनविश्वास रहेको पाइन्छ । कोटीलिङ्गेश्वर मन्दिरको उत्तर पश्चिम कुनामा शिवको एकमुख लिङ्गको स्वरूप देख्न पाइन्छ । जसलाई पूर्णेश्वर महादेव भनिन्छ । कोटीलिङ्गेश्वरको परिक्रमा पछि पूर्णेश्वरको दर्शन गर्नुपर्छ र यहाँ दर्शनपछि मात्र परिक्रमा

पूर्ण भएको मानिन्छ । यहाँको एकमुखलिङ्ग पूर्वाभिमुख रहेको छ ।

३. कुलानन्दझा सत्तलको दक्षिणतर्फ रहेको एकमुखीशिवलिङ्ग

श्रीपशुपतिनाथ मन्दिरको सन्निकट क्षेत्रमा रहेको कुलानन्दझा सत्तलको दक्षिणतर्फ एकमुख शिवलिङ्ग देख्न सकिन्छ । यो शिवलिङ्ग जमिन सतहभन्दा थोरै तल रहेको हुँदा प्राय भक्तजनहरूले यो विग्रह देख्दैनन् । दक्षिणतर्फ फर्केको यहाँको विग्रह केहि खण्डित समेत रहेको छ ।

४. सर्वसिद्धेश्वर (वचलेश्वर) एकमुखीशिवलिङ्ग

भगवान् श्रीपशुपतिनाथ मन्दिरको वाहिरी पश्चिमद्वारको दक्षिणतर्फ आगमघर रहेको छ । आगमघरको छेउमा अचलेश्वर महादेव, उमामहेश्वर, भगवती, नर्तकनर्तकी, शिवपार्वती, जैनमुनी, नवदुर्गा समेतको लाइनमा नै सर्वसिद्धेश्वर (वचलेश्वर) सुन्दर एकमुखि शिवलिङ्ग रहेकोछ । यहाँ आगमघरका पूजारीले नित्यपूजा गर्ने गरेको पाइन्छ । उत्तराभिमुख शिवलिङ्ग निकै आकर्षक छ ।

५. झंकेश्वरी पीठको पूर्वतर्फ रहेको (एकमुखीशिवलिङ्ग)

पशुपतिक्षेत्रमा रहेका प्रमुख पीठहरू मध्ये झंकेश्वरी पीठ पनि एक हो । झंकेश्वरी पीठको पूर्वतर्फ दुईवटा शिवलिङ्ग सँगै रहेका छन् । त्यहाँ रहेको एक शिवलिङ्ग एकमुखी शिवलिङ्ग हो जुन पूर्वतर्फ फर्केको छ । पशुपतिदर्शन गर्न दक्षिणतर्फको ढोकाबाट आउने भक्तजनहरूले यहाँ फूल वेलपत्र चढाउने गर्दछन् । सानो तथा सुन्दर यस शिवलिङ्ग दर्शनले मात्र पनि शान्त र शितलता प्रदान गर्ने पशुपतिनाथ मन्दिरका नित्यदर्शनार्थी बताउँछन् ।

६. श्लेषमान्तकेश्वर (एकमुखीशिवलिङ्ग)

पशुपति क्षेत्रमा शोभायमान भएर पशुपतितर्फ (पश्चिमाभिमुख) नै फर्केर बसेको सुन्दर शान्त तथा सौम्य श्लेषमान्तकेश्वर शिव श्लेषमान्तक वनको पश्चिमतर्फ हाल व्युटीफुल क्षेत्रको उत्तरी कुनामा देख्न सकिन्छ । यी महादेवले सिङ्गो श्लेषमान्तक वनलाई रक्षागरी रहेका र पशुपति आउने भक्तजनहरूलाई अभय दिने बताइन्छ । जटामुकुट पहिरिएका यहाँको शिवको मूर्तिलाई पशुपति

क्षेत्रको सुन्दर मूर्ति मानिन्छ । हाल यस मूर्तिको नाक भाँचिएको अवस्थामा रहेको छ । यस क्षेत्रमा आएर जाग्राम बसी सतबीज छर्दा पितृ खुशीहुने जनविश्वासले गर्दा श्रद्धालुहरूले वालाचर्तुदशी पर्वमा यस स्थानमा पनि बत्ती बाली जाग्राम बस्ने र सत्‌बीज छर्ने गर्दछन् ।

७. विश्वामित्रेश्वर (एकमुखीशिवलिङ्ग)

भगवान् श्रीपशुपतिनाथको वाहिरी पश्चिमद्वारको पश्चिमतर्फ भिमसेनको मन्दिर छ र यहि मन्दिरको दक्षिण गल्लीबाट छिर्नासाथ विश्वामित्रेश्वर महादेवको आकर्षक र सुन्दर शिवलिङ्गको दर्शन गर्न सकिन्छ । एक वाहुमा रूद्राक्षमाला र एक वाहुमा कमण्डलु लिएको यो मूर्ति दर्शनीय छ । यो मूर्तिलाई ईश्वीको छैठौ शताव्दीको मानिएको छ । पूर्वाभिमुख यो मूर्तिसँगै कमलाकृतिको शिलामाथि नन्दी समेत रहेको तीनवटा शिर भएको त्रिशिरा महादेव तथा ढुंगे त्रिशुल समेत रहेको छ । भिमसेनमन्दिर दर्शन गर्न आउने पुराना जानेका भक्तजनहरूले यहाँको विश्वामित्रेश्वर महादेवको दर्शन समेत गर्ने गरेको पाइन्छ ।

८. वद्रिनाथमन्दिर प्राङ्गणमा रहेको एक मुखीशिवलिङ्ग

भगवान् श्रीपशुपतिनाथमन्दिर प्राङ्गणको उत्तरतर्फस्थित श्रीवासुकीनाथमन्दिरको उत्तरतर्फ वद्रिनाथको मन्दिर रहेको छ । वद्रिनाथमन्दिरको प्राङ्गणमा निकै आकर्षक एकमुखीशिवलिङ्ग दर्शन गर्न सकिन्छ । पशुपतिनाथको दर्शनका लागि आउने भक्तजनहरू वासुकीनाथ हुँदै वद्रिनाथको र एकमुखीशिवलिङ्गको दर्शन गर्ने गर्दछन् । यहाँको प्राङ्गणमा पहिले पहिले साधुसन्तहरू सतसंग गर्ने गर्दथे । पाशुपत क्षेत्रमा लामो समयसम्म तपस्या गरेका श्रद्धेय सन्त श्यामचेतन बाबाको आश्रम पनि यहि छ ।

९. जयवागेश्वरी लुँहिटीस्थित एकमुखीशिवलिङ्ग

लुँहिटी पशुपति क्षेत्रको प्रमुख हिटी (धारा) मध्येको

एक हो । जयवागेश्वरी मन्दिरको उत्तरतर्फ रहेको यसै हिटीको छेउमा एक सुन्दर एकमुखी शिवलिङ्ग रहेको छ । यो मूर्ति पश्चिमाभिमुख रहेको छ । एक हातमा कलश र एक हातमा रूद्राक्ष माला लिएको, शिरमा मुकुट र कानमा कुण्डल लगाएको यो मुर्ति दर्शनीय छ । लुँहिटी वरिपरिको देविदेवतालाई स्थान देवताका रूपमा मानिने हुँदा यहाँको एकमुखी शिवलिङ्गलाई पनि स्थान देवताको रूपमा पुजिन्छ ।

१०. कुशेश्वर (एकमुखीशिवलिङ्ग)

पशुपति क्षेत्रमा भएका विभिन्न एकमुखी शिवलिङ्गहरू मध्ये ईटाटोलमा रहेको कुशेश्वर महादेव पनि एक हो । माघ महिनामा साँखुबाट पशुपति क्षेत्रमा आउने श्रीस्वस्थानीमाताका व्रतालुहरू पशुपति आर्यघाटमा स्नान गरी माधवनारायण दर्शन गरी पशुपति क्षेत्रबाट वाहिर निस्कदा ईटाटोलमा रहेको कुशेश्वर महादेवको दर्शन गरी फर्कन्थे भन्ने स्थानीय बुढापाकाहरू बताउँछन् । पशुपति क्षेत्रको साँस्कृतिक अध्ययनमा डा.गोविन्द टण्डनले यहाँ रहेको एकमुखी शिवलिङ्गको वारेमा उल्लेख गर्नुभएको छ ।

११. भण्डारेश्वर (एकमुखीशिवलिङ्ग)

पवित्र पाशुपत क्षेत्र अन्तर्गत रहेको सिफल क्षेत्रको पश्तिमतर्फ पिच बाटै बाटो ओरालो लाग्दा दाँयातर्फ प्राचीन भण्डारेश्वर महादेव मन्दिर देख्न सकिन्छ । पशुपति क्षेत्रको एक प्रमुख महादेवको मन्दिर भएकोले प्रमुख तिथि मितिमा भक्तजनहरू यहाँ आई दर्शन गर्ने गर्दछन । पश्चिमाभिमुख यो एकमुखी शिवलिङ्गको लम्बाई पत्तालगाउन जमिन खन्दा पत्ता लगाउन नसकिएकोले त्यहीअवस्थामा राखिएको भनिन्छ । सौम्य तथा एक हातमा अभयमुद्रा र एक

हातमा कमण्डलु लिएको यो मूर्ति दर्शनीय छ । जलहरि विनाको यो मूर्तिमा चाँदीको जलहरी भने पछि राखिएको हो । जलहरीको भागमा सानो नन्दी र गणेशको मूर्ति तथा शालिग्रामको पनि दर्शन गर्न सकिन्छ । भण्डारेश्वर महादेव मन्दिर प्राङ्गणमा एउटै ढुङ्गामा बनेको अन्यत्र कहि नपाइने गाई वाच्छाको मूर्तिसमेत दर्शनीय छ ।

पाशुपत क्षेत्रको विभिन्न स्थानमा एकमुखी शिवलिङ्ग रहेको पाइन्छ । पशुपति क्षेत्र खुल्ला संग्रहालय समेत भएकोले खुल्ला ठाउँमा रहेका यस्ता शिवलिङ्गहरूको उचित संरक्षण हुनु जरूरी छ ।❖

–पशुपति, काठमाडौं

सन्दर्भग्रन्थ पशुपतिक्षेत्रको साँस्कृतिक अध्ययनः पाशुपतक्षेत्रको साँस्कृतिक सम्पदा

आफ्ना वरपर छरछिमेकमा हुने धार्मिक एवम. सांस्कृतिक कार्यक्रम या मेला, पर्व, जात्रा, उत्सव आदिका बारेमा कुनै लेख, रचना, सूचना/निमन्त्रणा आदि प्रकाशन गर्नुपरेमा सम्पर्क गर्नुहोला !

इमेलः masikgauri@gmail.com

अर्द्धनारीश्वर
अवतारको चरित्र वर्णन

शिवमहापुराण अन्तरगत शतरूद्रसंहिताको अध्याय तीनमा भगवान् अर्द्धनारीश्वरको उत्पत्तिको विषयमा चर्चा गरिएको छ । ब्रह्माले सर्वप्रथम सृष्टि गर्नुभएका प्रजाहरू नबढेपछि उहाँले भगवान् शङ्करको प्रार्थना गरी अर्द्धनारीश्वर भगवान् उत्पन्न भएको प्रसंग सो अध्यायमा छ ।

नन्दीश्वर भन्नुहुन्छ– हे महाप्राज्ञ ! हे तात ! अब म तपाईंलाई ब्रह्माको इच्छा पूर्ण गर्ने भगवान् शङ्करको उत्तम स्वरूप अर्द्धनारीश्वरका बारेमा बताउँछु । ब्रह्माले सृष्टि गरेका प्रजाहरू नबढेपछि ब्रह्मा दुःखित हुनुभयो र व्याकुल हुँदै चिन्ता गर्न लाग्नुभयो । त्यस समयमा स्त्री– पुरूषद्वारा हुने मैथुनी सृष्टि गर भनी आकाशवाणी भयो । त्यो सुनेर ब्रह्माले मैथुनी सृष्टि गर्ने निश्चय गर्नुभयो । पहिले स्त्रीहरूको कुल शिवबाट प्रकट भएको थिएन, त्यसैले ब्रह्मा मैथुनी सृष्टि गर्न समर्थ हुनुभएन । शिवको प्रभाव नभई प्रजा उत्पत्ति हुँदैनन् भन्ने ठानी ब्रह्माजीले पार्वतीरूपिणी परमशक्तियुक्त परमेश्वरको ध्यान गर्दै अत्यन्त कठिन तपस्या गर्नुभयो । थोरै समयमा नै पार्वतीसहित शिव ब्रह्माको कठिन तपस्याबाट प्रसन्न हुनुभयो । त्यसपछि सच्चिदानन्दस्वरूप भगवान् कामदायिनी मूर्तिमा प्रवेश गरेर आधा नारी र आधा पुरूषको रूप लिएर ब्रह्माका नजिकमा जानुभयो । ब्रह्माले पनि परमशक्तिले युक्त अर्द्धनारीश्वर भगवान् शङ्करलाई देखेर दण्डवत् प्रणाम गर्दै दुवै हात जोडेर स्तुति गर्नुभयो ।

त्यसपछि देवतामा श्रेष्ठ, कल्याणकर्ता, भगवान् शिवले प्रसन्न हुँदै मेघकोजस्तै स्वरमा ब्रह्मालाई भन्नुभयो– हे वत्स ! हे मेरा छोरा ! हे ब्रह्मा ! हे महाभाग ! मैले तिम्रो मनको इच्छा यथार्थरूपमा बुझेको छु । प्रजा बढाउनका लागि तिमीले गरेको तपस्याबाट म सन्तुष्ट छु, तिमीले चाहेको वरदान दिन्छु । यस्तो अत्यन्त उदार स्वभावले मीठो बोली बोलेर भगवान् शिवले आफ्नो शरीरको भागबाट शिवादेवीलाई छुट्याउनुभयो । ती परमशक्ति शिवा शिवबाट अलग्ग भएको देख्नासाथ विनीतात्मा ब्रह्माजीले प्रणाम गर्दै ती शिवासँग प्रार्थना गर्नुभयो– हे देवी ! देवताका पनि देवता हजुरका पतिदेवले अघि मेरो सृष्टि गर्नुभएको हो, सम्पूर्ण प्रजाहरू पनि परमात्मा शिवद्वारा नै सृष्टि गरिएका हुन् । हे देवी शिवा ! मैले सम्पूर्ण देवताहरूलाई मनबाट सृष्टि गरें, जति सृष्टि गरे पनि तिनीहरूको संख्यामा वृद्धि हुन सकेन । त्यसैले अब मैथुनधर्मबाट सृष्टि गरेर प्रजासृष्टिलाई बढाउने मेरो इच्छा छ । हजुरबाट नारीहरूको अति नै श्रेष्ठ एवम् अविनाशी कुल पहिले उत्पन्न नभएको हुँदा मैथुनी सृष्टि गर्ने सामर्थ

ममा भएन । सम्पूर्ण शक्तिहरू हजुरबाट नै उत्पन्न भएकाले हे जगदीश्वरी ! परमशक्तिस्वरूपिणी हजुरलाई नारीकुलको सृष्टिका निमित्त प्रार्थना गर्दछु ।

हे शिवा ! मलाई नारीकुलको रचना गर्ने शक्ति प्रदान गर्नुहोस्, हजुरलाई नमस्कार छ । हे आमा ! हे शिवप्रिया ! चर-अचर संसारका कारण भगवान् शिव नै हुनुहुन्छ । हे वरदेश्वरी ! अर्को पनि वर म हजुरसँग माग्दछु, ममाथि कृपा गरेर सो वरदान प्रदान गर्नुहोस् । हे जगन्माता ! हजुरलाई नमस्कार छ । सर्वत्र जान सक्ने हे संसारकी आमा ! एउटै सामर्थ्यबाट चराचर संसारको वृद्धिका लागि हजुर एक शक्तिले मेरा छोरा दक्षप्रजापतिकी छोरी भएर जन्म लिनुहोस् ।

ब्रह्माको यस्तो निवेदन सुनेपछि जगन्मयी शिवादेवीले उहाँलाई नारी सृष्टि गर्न सक्ने शक्ति दिनुभयो र आफ्नो भृकुटीको मध्यभागबाट आफूजस्तै अर्की शक्तिको सृष्टि गर्नुभयो । ती शक्तिलाई देखेर देवतामा श्रेष्ठ, कृपासिन्धु तथा लीला गर्न सिपालु भगवान् शिवले हाँसेर जगन्मातासँग भन्नुभयो– हे देवी ! ब्रह्माजीले तपस्याद्वारा तिम्रो आराधना गरेका छन्, तिमी प्रसन्न होऊ र उनको सम्पूर्ण मनोरथ पूर्ण गर । त्यसपछि देवीले शिवको निर्देशनलाई शिरोधार्य गरेर ब्रह्माजीको भनाइ अनुसार दक्षकी छोरी हुन स्वीकार गर्दै ब्रह्माजीलाई अनन्त शक्ति दिएर भगवान् शङ्करका शरीरमा प्रवेश गर्नुभयो । भगवान् शिव पनि अन्तर्धान हुनुभयो । त्यसै वेलादेखि यस संसारमा स्त्रीहरूको पनि अलग्गै स्थानको व्यवस्था भएको हो । त्यसपछि ब्रह्माजीले पनि अत्यन्त आनन्दित भएर मैथुनी सृष्टि प्रारम्भ गर्नुभयो ।

हे बाबू ! भगवान् शिवको यो अति उत्तम रूप मैले तिमीलाई बताएँ । यो अर्धनारीश्वरको चरित्र सत्पुरूषहरूका लागि अत्यन्त मङ्गलदायक छ । जो व्यक्ति यो पुण्यदायक कथालाई पढ्ला अथवा सुन्ला, त्यस व्यक्तिले सम्पूर्ण ऐश्वर्यको भोग गरेर परमगति (मोक्ष) समेत प्राप्त गर्नेछ ।❖

–प्रस्तुतिः बिना अधिकारी

–स्रोतः श्रीशिवमहापुराणम् द्वितीय भाग, प्रकाशक पशुपति क्षेत्र विकास कोष

'समृद्ध राप्ती नगरको आधारः कृषि, पर्यटन र पूर्वाधार'

हार्दिक अनुरोध

❖ समयमै व्यक्तिगत घटना दर्ता गरौ, सेवाको सुनिश्चितता कायम गरौं

❖ समयमै कर तिरौं, आफ्नो सम्पत्तिको वैधता कायम गरौं ।

❖ घरबाट निस्केको फोहोरलाई सही ठाउँमा व्यवस्थापन गरौं ।

राप्ती नगरपालिका

भण्डारा, चितवन

लङ्केश्वर महादेव

–योगाचार्य उद्धवप्रसाद भट्टराई

विश्व समुदायले नेपाललाई मन्दिरै मन्दिरको देश भनेर चिन्दैआएको छ भने हिन्दु धर्मावलम्बीहरूले पवित्र तीर्थभूमिको रूपमा मान्दैआएका छन् । अर्को कुरा शास्त्रमा तीर्थहरूको पनि तीर्थ भूमि हिमवतखण्डलाई मानिएको छ । वास्तवमा तीर्थस्थल आफैमा पवित्र र पुण्यदायक हुन्छन् । चाहे हिमालयका टाकुरामा किन नहोस्, चाहे नदी किनारमा किन नहोस्, चाहे पहाडका विकट स्थानमा किन नहोस्, नेपालका अनेकौं ठाउँ थलोहरूमा भएका तीर्थस्थलहरू आफैमा पवित्र र पुण्यदायक छन् ।

हिमाल, पहाड र तराई आदि भूमिले सुशोभित, प्राकृतिक छटाले युक्त पवित्र देश नेपाल यसै पनि मनोरम र सुन्दर छ भने अर्कोतिर भगवान्का पावन तीर्थहरूले झन् यसलाई पवित्र बताइदिएको छ । हुन त विश्वका कुनै पनि कुनामा रहेका तीर्थहरू पवित्र छन्, सबै घुम्न लायक पनि छन् । तर हिमवत् खण्डमा अवस्थित तीर्थको आफ्नै किसिमको महत्त्व छ । तीर्थहरूमा कुनै विष्णु तीर्थ, कुनै शिव तीर्थ, कुनै शक्तिपीठ, कुनै गणेशपीठ, कुनै हरिहरक्षेत्र आदि थुप्रै तीर्थस्थलहरू हामीकहाँ छन् । यस्तै पवित्र तीर्थहरूमा काभ्रे जिल्लास्थित लङ्केश्वर महादेव स्थानलाई पनि लिन सकिन्छ ।

लङ्केश्वर महादेव वाग्मती अञ्चलको काभ्रेपलाञ्चोक जिल्लामा पर्दछ । लङ्केश्वर जानका लागि पहिला पनौती पुग्नु पर्छ । काठमाडौंबाट ३२ कि.मी. टाढा रहेको पनौतीसम्म जान बसको प्रयोग गर्न सकिन्छ । त्यहाँबाट अर्को बस चढेर खोपासी पुग्नुपर्छ । सो स्थानबाट पैदल यात्रा गरी ख्याकु, बल्थली हुँदै रोशी र लङ्के खोलाको दोभानमा पुगेपछि सो स्थानबाट १० मिनेट नदी किनारै किनार हिड्दै तलतिर गएपछि लङ्केश्वर महादेव स्थान पुग्न सकिन्छ । नदीको दुवैपट्टि अग्ला दुई पहाड छन् । यो पहाडको पहराभित्र खोंचमा रोशी नदीको ठीक किनारामा नै उक्त महादेव मन्दिर रहेको छ ।

रोशी नदीको उद्गम स्थल महाभारत पर्वत श्रृंखला र फूलचोकी पर्वत हो । सो नदी फूलचोकीबाट प्रकट भएर उत्तरपूर्व बग्दै पुरानो ऐतिहासिक शहर पनौतीमा आएपछि त्यहाँ बनेपा तर्फबाट आएको पुण्यमाता (पुण्यवती) नदी मिसिन्छ । रोशी नदीलाई पौराणिक कालमा लीलावती (रोशमती) भनेर भनिन्थ्यो । रोशमती नाम नै पछि रोशी भएको हो । फूलचोकी पर्वतको पूर्वपट्टि लीलावती बग्दछिन् भने पश्चिमपट्टि गोदावरी बग्दछिन् । त्यसैले यी दुवै नदी मुक्तिदायिनी भएकोले यसका किनारमा अवस्थित शहर पनौतीमा बाह्र-बाह्र वर्षमा मेला लाग्ने गर्दछ । गोदावरीमा बाह्रवर्षे मेला लाग्दछ र पनौती शहरमा पनि बाह्रवर्षे मकर मेला लाग्दछ । पनौती शहर ऐतिहासिक धार्मिक एवम्

पुरातात्त्विक दृष्टिकोणले महत्त्वपूर्ण शहर हो ।

रोशीनदी अरू साना-साना नदीहरू मिसिदै गएर तल पुगेपछि अर्को दक्षिण महाभारतपर्वतबाट आएको लड्कु नदीसँग मिसिएर दोभान निर्माण भएको छ । उक्त दोभानमा घाट पनि छ । त्यही लड्कु नदी मिसिएर पवित्र तीर्थहरूमा काभ्रे जिल्लास्थित लड्केश्वर गएको तल नदी किनारमा महादेब स्थान रहेकोले सो महादेवलाई लड्केश्वर महादेव भनिएको भनाइ पनि छ । यस ठाउँमा प्रत्येक वर्ष कार्तिक शुक्लपक्ष एकादशी (हरिबोधनी एकादशी)का दिन ठूलो मेला लाग्दछ । काभ्रे, भक्तपुर र ललितपुर जिल्लाका धेरैजसो मानिसहरू त्यस ठाउँमा गएर महादेवको दर्शन गरी मेला भर्दछन् ।

लड्केश्वर महादेव स्थान रोशी नदीको अत्यन्तै विकट स्थानमा पर्दछ । दुवैपट्टि अत्यन्तै डरलाग्दो अग्लो र कुतौटो परेको छ । जताततै ठूला-ठूला पहराहरू देखिन्छ । ठूलो पहाडस्थित पहराको भित्तामा रोशी नदीसँगै सो महादेव स्थान रहेको छ । माथिबाट लहरा नै लहरा झरेको छ जसबाट सहस्र धारा पानी चौबिसै घण्टा आइरहन्छ । त्यहाँ आकाशबाट झरेको वर्षाको पानी झैँ झरिरहन्छ । महादेवको दर्शन गर्न जाँदा झरेको पानीले रुझिएर जानुपर्छ । महादेव स्थानबाट ठीक मुनि रोशी नदीले बनाएको ठूलो घुमाउरो दह पनि छ । त्यहाँबाट हेर्दा सो दह डरलाग्दो छ । त्यहाँ पुगेपछि यस्तो यति सुन्दर, आनन्ददायक र शितल स्थान अन्त पाउन कठिन हुन्छ जस्तो लाग्छ । संसारका दुःख, पीडा, कष्टले विचलित भएका जनहरू पनि त्यस स्थानमा पुगेपछि केही क्षणको निम्ति भए पनि शान्ति प्राप्त गर्न सक्दछन् । प्रा.डा. माधव भट्टराईले लड्केश्वर महादेवको बन्दना रचना गर्नुभएको छ-

नागेन्द्रभूषिततनुं सुरवृन्दवन्द्यं
भक्तार्तिनाशनपरं प्रणतात्मबन्धुम् ।
कालाग्निरुद्रमयरूपधरं वरेण्यं
लड्केश्वरं प्रभुवरं सततं नमामि ॥१॥

अर्थात्, भगवान् शिवजीले नागको गहना लगाउनु भएको छ । जसबाट उहाँको दिव्यता झल्किएको छ । उहाँको आराधना सुर र असुर दुवैले गर्दछन् । भक्तहरूका आर्तलाई नाश गर्ने उहाँ सम्पूर्ण बन्धु हुनुहुन्छ । कालाग्नि रूद्र स्वरूपमा रहनुभएका लड्केश्वर भगवान्लाई कोटि कोटि प्रणाम गर्दछु ।

लड्केश्वर महादेव मन्दिर नजिक पुग्नुभन्दा पहिले नै बाटामा पापद्वार र धर्मद्वार भएको एउटा गुफा छ । उक्त गुफालाई पाप र धर्म छुट्याउने द्वारको रूपमा मानिन्छ । गुफाबाट छिरेपछि कतैबाट पनि देख्न नसकिने, वरिपरि पहाड नै पहाडले घेरिएको र बीचमा खोंच बनाएर नागबेली आकारमा बगेको नदी रहेको एकान्तस्थानमा पुग्न सकिन्छ । यो स्थल दैवीसम्पदाले परिपूर्ण, सुन्दर, शान्त र प्राकृतिक वातावरणले हराभरा भएकोले तीर्थयात्रीहरूको लागि पुण्यभूमि र पर्यटकहरूको लागि शान्ति तथा आनन्द लिने सुन्दर ठाउँ मान्नुपर्दछ । यस्तो दिव्य तीर्थस्थललाई सबैले मिलेर विकसित र सुविधाजनक बनाउने हो भने पर्यटक र तीर्थयात्रीहरूको लागि अत्यन्तै राम्रो हुने थियो र सो स्थानको विकासमा पनि सहयोग पुग्ने थियो ।

रोशी नदीको किनारमा पनौतीमा इन्द्रेश्वर, खोपासीमा फड्केश्वर, वल्थलीमा लड्केश्वर एवम् दुम्जामा कुशेश्वर महादेव स्थानहरू पर्दछन् । त्यसैले यस नदीको ऐतिहासिक नाम लिलावतीबाट रोशमती भई यो पुण्यमती मिसिएर पवित्र गंगाको नामले प्रख्यात भएको छ । रोशी नदीको किनारमा मानवबस्ती बढ्दै गएकाले नदी अपवित्र हुने सम्भावना पनि बढ्दै गएको छ । ऋषि, महर्षि, तपस्वी, ज्ञानी, महात्माहरू कि त नदी किनारमा कि त पहाडको टाकुरामा तपस्या गर्दछन् । यिनै कारणहरूले नदीलाई

सदा सर्वदा पवित्र र स्वच्छ राख्नु पर्दछ । नदी किनारमा देवता, ऋषि र गन्धर्वहरूको बास हुन्छ । नदी अपवित्र भयो भने देवताहरू प्रसन्न हुँदैनन् । वास्तवमा तपस्वी, तीर्थयात्री र धर्मगुरुहरूको लागि महादेवका तीर्थस्थलहरू महत्त्वपूर्ण हुन्छन् । त्यसैले यस्ता पवित्र र पावनस्थलहरूको खोजी गरी तिनीहरूको विकास गर्नको लागि प्रचार-प्रसार गर्नु सम्बन्धित सबैको कर्तव्य हो ।

लङ्केश्वर महादेव नजिकै १०८ फिटको विशाल त्रिशूल निर्माण कार्य सम्पन्न हुँदैछ । ओमकार फाउण्डेसनको सक्रियता र विभिन्न भक्तजनहरूको सहयोगमा निर्माण गरिएको सो त्रिशूलको गर्भगृहमा शिवलिङ्ग स्थापना गरिएको छ ।

यसै बीच परिसरमा राष्ट्र समृद्धि, शान्ति र अरिष्ट निवारणको साथै लङ्केश्वर भगवान् प्रचारप्रसारका लागि यही फागुन २ गतेबाट आगामी चैत पहिलो सातासम्म राष्ट्रिय कोटिहोमको सञ्चालन भइरहेको छ । कोटिहोमको प्रचारप्रसारको निम्ति आयोजकद्वारा विशेष रथको निर्माण गरी मुलुकका ७७ वटै जिल्ला भ्रमण गरिएको थियो । यस कार्यक्रमको संयोजन ओमकार फाउण्डेशन एवम् ओमकार टेलिभिजनद्वारा गरिएको छ भने यज्ञाचार्यको रूपमा नायव बडागुरुज्यू प्रा. डा. माधव भट्टराई रहनुभएको छ ।❖

–कुमारीगाल, काठमाडौं

कविता हरायौ

–अनन्तकुमार वस्नेत

लेख्दै थिएँ भाव अनेक खोज्दै
सौन्दर्यका शब्द असङ्ख्य रोज्दै
भाग्यौ अनायास कि ता डरायौ ?
कहाँ गयौ हे कविता ! हरायौ ।१।
पल्टाउँदै कोश विभिन्न बस्छु
झन् गर्त भित्रै दिनरात पस्छु
छोडी मलाई किन दूर भाग्यौ ?
कहाँ गयौ हे कविता ! हरायौ ।२।
आराधनामा छु बिहान साँझ
एक्लै भएझैँ छु म मित्र माझ
आफन्त देखेर कि ता लजायौ
कहाँ गयौ हे कविता ! हरायौ ।३।
साहित्यको सुन्दर बागभित्र
डुल्दै थिएँ रोज म भित्रभित्र
लाली उषाझैँ न त मुस्कुरायौ
कहाँ गयौ हे कविता ! हरायौ ।४।
मस्तिष्कमा सुन्दर भाव छैनन्
चैतन्यका छाल मभित्र छैनन्
मेरा सबै चेत कि अन्त सार्यौ ?
कहाँ गयौ हे कविता ! हरायौ ।५।❖

–सानोठिमी, भक्तपुर



पशुपति क्षेत्रका
धार्मिक वन, वनस्पति एवम् जीवजन्तु

पशुपति क्षेत्रमा मृगस्थली, श्लेष्मान्तक, वनकाली, ध्रुवस्थली, भण्डारखाल लगायतका धार्मिक वनहरू रहेका छन् । भगवान् शिवले मृगरूप लिएर विहार गरेको क्षेत्र मृगस्थली हो । त्यो क्षेत्र श्लेष्मान्तक वन क्षेत्रभित्र पर्दछ । यसै वन क्षेत्रमा नै उमास्तन- कुण्ड एवम् सतीस्तन-पीठ समेत पर्दछन् । मृगस्थली तपोवन हो । अन्यत्र करौडौँ वर्षमा प्राप्त हुने सिद्धि यहाँ अहोरात्रको साधनाले नै प्राप्त हुन्छ । त्यसैले यो सिद्धक्षेत्र हो, सिद्धाचल हो, सिद्धारण्य हो । हिमवत्खण्ड अनुसार यस क्षेत्रमा भगवान् शिवले दशहजार वर्षसम्म मृगरूपले विहार गरेका थिए । यसै वन क्षेत्रमा भगवान् शिवले मृगरूप र सिङ समेत छोडेकाले यो क्षेत्र पुण्यमय बन्यो र जगत्को कल्याण गर्ने तीर्थस्थल बन्न गयो भन्ने कुरा वराहपुराणमा लेखिएको छ । मृगरूप लिएर भगवान् शिवले घुमफिर गरेका, खाए-बसेका सबै स्थान पुण्य तीर्थ हुन् भनेर हिमवत्खण्डमा उल्लेख गरिएको छ ।

मृगरूप शिवको सिङ ब्रह्मा, विष्णु र इन्द्रले मृगस्थलीमा आई समातेको र सिङ टुक्रिएको दिन मार्ग कृष्ण चर्तुदशी थियो । त्यस दिन वाग्मतीमा स्नान गरेर मृगस्थली भ्रमण गरी सतबिउका रूपमा अन्नका दाना छर्दा एक दाना अन्न बराबर एक रत्ती सुन दान गरेको फल प्राप्त हुन्छ साथै सतबिउ छर्दै भ्रमण गर्दा पाइला पाइलामा अश्वमेध यज्ञको फल प्राप्त हुन्छ भनेर हिमवत्खण्डमा बताइएको छ । नेपाल माहात्म्यमा चाहिँ कार्त्तिक कृष्ण चतुर्दशीका दिन मृगस्थलीको प्रदक्षिणा गर्दा स्वर्ग प्राप्त हुने कुरा उल्लेख गरिएको छ ।

श्लेष्मान्तक वन क्षेत्रको प्राकृतिक रमणीयतालाई देखेर अनि मृगस्थलीको लीला- विहारबाट अभिभूत भएर भगवान् शिवले काशी वा कैलास कतै पनि नगई श्लेष्मान्तक वनमै रहने कुरा बताएपछि अरू देवताहरू पनि त्यसै क्षेत्रका विभिन्न स्थानमा आएर बसे अनि मृगस्थली, श्लेष्मान्तक वन क्षेत्र देवनगरीमा रूपान्तरित भयो । त्यसबेला यो वन काठमाडौँ उपत्यका भर फैलिएको विशाल थियो । त्यस पवित्र क्षेत्रको सानो अंश मात्र अहिले पशुपति क्षेत्रमा रहेको छ ।

मृगस्थली र श्लेष्मान्तकका अतिरिक्त पशुपति क्षेत्रमा वनकालीमा पनि सानो जङ्गल विद्यमान छ । यो क्षेत्रमा पहिले घनाजङ्गल रहेको र दिनको समयमा पनि रातको प्रतीत हुने प्रकारको झाडी रहको थियो । त्यसैगरी भण्डारखालको जङ्गलमा काठमाडौँ उपत्यका भित्रका विभिन्न क्षेत्रहरूमा पाइने विविधतायुक्त वनस्पतिहरू रहेका छन् । तर पछिल्लो

समय जङ्गलक्षेत्र विभिन्न अतिक्रमणका कारणले खुम्चिएको छ । यसको संरक्षण र संवर्धनमा विशेष ध्यान दिनु पर्दछ । सो पवित्र वन क्षेत्र हो, सिद्ध क्षेत्र हो, तपःस्थली हो अनि पशुपति क्षेत्रको प्राकृतिक सौन्दर्यको द्योतक पनि हो ।

पशुपति क्षेत्रका धार्मिक वनहरूमा विभिन्न थरीका वनस्पति र वृक्षहरू रहेका छन् । जसमध्ये मडिलो, शिरीष, हाडेबयर, सुनचाप, काउलो, प्वाले, धुसरू, जमाने मान्द्रो, वर, पिपल, शमी, रूद्राक्ष, कालीमयल, काभ्रो, चिलाउने, देवदार, पैयूँ, धूपी, मसला, सल्ला, बेल, खरी, बकैना, लप्सी आदि मुख्य छन् । यीमध्ये केही आयुर्वेदिक औषधिको रूपमा पनि प्रचलित र धार्मिक दृष्टिकोणले महत्त्वपूर्ण छन् । यहाँ रहेका वृक्षहरूमा सिलिङ्गे विशेष छ जुन वृक्षको मंसिरतिर फुल्ने फूलको बास्ना अति सुगन्धित हुने गरेको पाइन्छ । यी वृक्ष श्लेष्मान्तक र भण्डारखालमा प्रशस्त छन् । पशुपति क्षेत्रमा पाइने कतिपय वृक्षहरू अति उष्ण प्रदेशमा मात्र पाइने खालका पनि छन् । भण्डारखाल भित्रको विशाल सिमलको रूख उष्ण प्रदेश अर्थात् तराई क्षेत्रमा पनि नपाइने खालको छ । यीमध्ये देवदार, काँढेसल्ला, गोब्रेसल्ला भने अन्यत्रबाट ल्याएर रोपिएको देखिन्छ ।

पशुपति क्षेत्रमा रहेका अग्ला रूखहरूबाहेक झाडी वृक्षहरूमा असुरो, कनिके, पारिजात, भिमसेनपाती, ऐँसेलु मयल, कारलो शाति हुन् । वन क्षेत्रका अतिरिक्त पशुपति क्षेत्रमा विभिन्न दाताहरूले बगैंचाहरू समेत राखिदिएको र त्यहाँ फुलेका फूलहरू नित्य मन्दिर र देवी-देवताहरूलाई चढाउने परम्परा रहेको थियो । कमल, कुन्दपुष्प, वेगमबेली, सुनचाप, पारिजात लगायतका फूलहरू ती बगैंचामा फुल्ने गरेको पाइन्छ ।

पशुपतिमा गरिने महास्नान एवम् वृषोत्सर्ग आदि कार्यको क्रममा शिवको वाहनको रूपमा रहेको साँढे छाड्ने प्रचलन रहेको छ । छाडिएका साँढेहरूको खानपिनको व्यवस्थाका लागि गुठी राखिएको थियो र सोको व्यवस्थापन सोही गुठीबाट हुने गरेको थियो । छाडिएका साँढेहरूको गौचरनको लागि समेत विशेष व्यवस्था रहेको थियो । साथै दुधकटुवा साँढेहरूको निमित्त पूर्खाहरूले गौचरणहरू र गौशालाको समेत व्यवस्था गरेको पाइन्छ ।

भगवान् शिवले किरात/किराती र मृगरूप धारण गरी यस पावन क्षेत्रको वनहरूमा विचरण गरेको प्रसङ्ग पौराणिक (स्वस्थानी) कथामा उल्लेख छ । मृगस्थली क्षेत्रमा प्राचीनकालदेखि नै मृगहरू रहेको भन्ने मान्यताको आधारमा हाल समेत केही मृगहरू राखिएका छन् । यद्यपि ती मृगहरूका कारण मृगस्थली क्षेत्रको प्राकृतिक वन, वृक्ष र झाडीहरूमा असर गरेको पाइन्छ । साथै पशुपति क्षेत्रमा वानर र परेवाहरू समेत उल्लेख्य मात्रामा रहेको एवम् ती बाँदर र परेवाहरूका लागि समेत दाना खुवाउने प्रयोजनले गुठीहरूको व्यवस्था गरिएको थियो । भैरव खुसी हुने विश्वासका आधारमा कुकुरहरूलाई समेत खुवाउने प्रचलन रहेको र तिनीहरू समेत यो क्षेत्रका गहनाको रूपमा रहेका छन् ।❖

स्रोतः पशुपति क्षेत्रको संरक्षण तथा व्यवस्थापन गुरुयोजना– २०७८

"सांस्कृतिक धरोहर सहितको समृद्ध शहर
धार्मिक, मौलिकता र विशिष्ट अस्तित्व बोकेको गोकर्णेश्वर नगर"
समयमै कर तिरौं, आफ्नो सम्पत्तिको बैधता स्थापना गरौं ।

गोकर्णेश्वर नगरपालिका
जोरपाटी, काठमाडौं ।

नेपालमा शैव धर्म र प्रचलित शैव सम्प्रदायहरू

–सहप्रा. डा. सन्ध्या खनाल, पराजुली

नेपालमा प्राचीनकालदेखि नै शैवधर्म फष्टाएको पाइन्छ । यसको प्रमाण यहाँ प्राप्त शैव मूर्ति, शिवलिङ्ग तथा धार्मिक ग्रन्थहरूले पुष्टि गर्दछन् । ऋग्वेदको रचनापछि यजुर्वेदको रचना हुनु अघि वैदिक रूद्रसँग एक आर्योत्तर देवताको आत्मसात् भयो, जसलाई हिमालयको उपत्यकामा बसोबास गर्ने जनजातिहरू पूजा गर्दथे । त्यसैको परवर्ती विकासको रूपमा शैवमतको विकास भएको कुरा भारतीय विद्वान् यदुवंशीको भनाइ छ (यदुवंशी, १९८८, पृ. १५) । यदुवंशीको सो भनाइलाई आधार मान्दै हिमालयको उक्त उपत्यका काठमाडौँ रहेको तथा ती उपासक यहाँका किराँती जाति रहेको भनाइ विद्वान् जगदीशचन्द्र रेग्मीको छ (रेग्मी र धमला, २०७१, पृ.१४) । महाभारत, हिमवत्खण्डपुराण लगायत अन्य पुराणमा किराँतेश्वर महादेवको कथाको वर्णन भएअनुरूप किराँतेश्वर थुम्को पशुपतिनाथको उत्तरमा रहनुले सो कुरालाई थप जोड गर्दछ । अर्कोतर्फ, नेपालमा आदिमकालदेखि नै शैव धर्म उन्नत रहेको कुरा हिमवत्खण्डपुराण, शिवपुराण, पशुपतिपुराण, नेपाल महात्म्य आदिमा वर्णन छ ।



भगवान् पशुपतिनाथ अनादि कालमै ज्योतिर्लिङ्गको रूपमा उत्पत्ति भएका थिए । यहाँ कयौं संख्यामा प्राचीन स्वयम्भूलिङ्ग पाइनुले पनि शैव धर्मको प्राचीनता पुष्टि हुन्छ । हिमवत्खण्डपुराणमा उल्लेख भएअनुरूप पशुपतिनाथ बाग्मतीनदीको किनार आर्यघाटमा भगवान् शिवको मृगरूपको शिला पाइनु, सोही स्थानमा भारतको गुड्डीमलमको ईशापूर्व पहिलो शताब्दीको शिवलिङ्गमा अङ्कित मुखाकृतिसँग मेल खाने विरूपाक्षको प्राचीन मूर्ति रहनुले यस भूमिमा शैव धर्मको प्राचीनतालाई उजागर गर्दछ ।

लिच्छविकालमा यहाँ कयौँ मानुष लिङ्गको स्थापना भएका छन् । यहाँ प्राचीन मूर्ति, शिवलिङ्गका अलावा कयौँ अन्य स्रोतहरूले पनि शैव धर्मको प्राचीनतालाई प्रष्ट्याउँछन् । लिच्छविकालमा प्रचलनमा आएका विभिन्न मुद्रामध्ये कतिपय मुद्रामा शिवको वाहन नन्दी तथा तिनका आयुध अङ्कित छन् । यसले तत्कालीन शासकहरूको शैव धर्मप्रतिको झुकावलाई संकेत गर्दछ । तत्कालीन जिष्णुगुप्तका मुद्रा, वृष मुद्रा, पशुपतिनाथको सम्मानमा प्रचलित पशुपति मुद्रामा शिवकै अंश मानिने नन्दीको आकृति अङ्कित गरिएको छ । लिच्छविकालमा प्रचलित पशुपति मुद्राका साथै मध्यकालमा प्रचलनमा आएका कयौँ मुद्रा जुन तत्कालीन शासक महेन्द्र मल्ल, लक्ष्मी नरसिंह मल्ल, प्रताप मल्ल, महीपतेन्द्र मल्ल, नृपेन्द्र मल्ल, भूपालेन्द्र मल्ल, भास्कर मल्ल, जयप्रकाश मल्ल, रणजीत मल्ल, श्रीनिवास मल्ल, विष्णु मल्ल आदिद्वारा प्रसार गरिएका थिए तिनमा त्रिशूल अङ्कित छन् । त्यस्तै शाहकालमा पृथ्वीनारायण शाहदेखि त्रिभुवनसम्मका कयौँ मुद्राहरूमा त्रिशूल अङ्कित गरिनुका साथै गोरखनाथ, पशुपतिनाथअङ्कित गरी शिवप्रति सम्मान प्रकट गरिएको छ । यसबाट शैव धर्मप्रतिको झुकाव अनवरतरूपमा प्रकट हुँदैआएको देखिन्छ ।

राजा अंशुवर्माले आफ्नो राजप्रासादको नाम भगवान् शिवको निवासस्थल कैलाशको प्रतीक

कैलाशकुट भवन राखेका थिए । उनका अधिकांश अभिलेखहरूको शिरोभागमा नन्दी अङ्कित छन् । राजा जयदेव द्वितीयले पशुपतिनाथलाई चाँदीको अष्टदल कमल चढाएका थिए (वज्राचार्य, २०३०, पृ. ५४८) । यहाँका कतिपय शासकहरूले शिवसित सम्बन्धित उपाधि लिएका छन् । लिच्छविकालीन शासकहरू अंशुवर्मा, जिष्णुगुप्त, उदयदेव, नरेन्द्रदेव, शिवदेव द्वितीय आदिले आफ्नो नामसँगै 'भगवतपशुपतिभट्टारकपादानुगृहित' जोडेका थिए। राजा यक्षमल्लले 'पशुपतिचरणारविन्दसेवापरायण', राजा जयस्थितिमल्लले 'पशुपतिपादपङ्केरूहपरागधुलिधुसरित' र 'श्रीमत्पशुपतिपताङघ्रिपङ्गजरजः', राजा ज्योतिर्मल्लले 'पशुपतिचरणकमलधूलधूसरितशिरोरूह' उपाधि लिएका थिए ।

अर्कोतर्फ धार्मिक ग्रन्थहरूमा आधारित विषयवस्तु तथा प्रतिमा विधानका ग्रन्थमा वर्णन गरिएका प्रतिमा लक्षणको पालना गरी यहाँ प्राचीनकालदेखि भगवान् शिवको साकार तथा निराकारस्वरूपका मूर्तिहरू निर्माण गरिएको पाइन्छ। पाटन शङ्खमूल चामुण्डा मन्दिर परिसरमा अवस्थित उमामहेश्वर मूर्ति, चाँगुनारायण छिन्नमस्तामन्दिर भित्रको उमामहेश्वर, देउपाटन वरूणधारामा स्थापित उमामहेश्वर (इस्वी दोस्रो तेस्रो शताब्दी) शिवका साकार मूर्तिहरूमध्ये उपत्यकामा पाइएका अत्यन्त प्राचीन मूर्ति हुन् । त्यस्तै राष्ट्रिय नाचघरको ब्रह्मा, विष्णुसहित शिवपार्वतीको चतुर्मूर्ति (इस्वी तेस्रो शताब्दी), बलम्बुको शिवको एकल स्थानको मूर्ति (इस्वी तेस्रो शताब्दी), कीर्तिपुर गणेश स्थानको उर्ध्वलिङ्ग सहित शिवको स्थानक मूर्ति र शिव पार्वतीको स्थानक मूर्ति (इस्वी चौथो शताब्दी), चिकंमुगलमा ज्वरेश्वर महादेव भनिने तीन मुख अङ्कित शिवको आसनमूर्ति (इस्वी चौथो शताब्दी) (वाङ्गदेल, २०३९, पृ. ९१-९९) आदि प्राचीनकालमा निर्मित शिवका साकारस्वरूपका मूर्तिका केही उत्कृष्ट उदाहरण हुन् ।

प्राचीनकालमा उमामहेश्वर मूर्ति निर्माण गर्दा सो फलकमा शिवपार्वती सुखासनामा बसी साथमा नन्दी र कुमार मात्र देखाउने चलन थियो । यसपश्चात् क्रमशः शिवका कयौँ साकार तथा निराकार मूर्तिहरू निर्माण भए । संस्कृत कवि कालिदासद्वारा रचित कुमारसम्भवमा प्राचीन भारतवर्षको उत्तर दिशामा देवतास्वरूपले रहेका हिमालयको मुक्त कण्ठले प्रशंसा गरेका छन्। काठमाडौँको कङ्केश्वरीमा र नघलमा कुमारसम्भवका मूर्ति फलकहरू पाइनुले नेपाल कुमार उपासनाको प्रमुख थलो रहेको तर्फ इंकित गर्दछ। सो मूर्तिफलक सम्भवतः कुनै शैव वा कुमार मन्दिरको अवशेष रहेको हुन सक्ने अनुमान गरिएको छ । यस मूर्तिफलकलाई ईस्वीको पाँचौं/छैटौँ शताब्दीको मानिएको छ।

पाटन कुम्भेश्वर बगलामुखी मन्दिरको पूर्वमा अवस्थित उमामहेश्वर मूर्ति (इस्वी पाँचौँ शताब्दी), मृगस्थलीको रावण अनुग्रह भनिने उमामहेश्वरको मूर्ति (इस्वीको पाँचौँ शताब्दी), ठमेल गैह्रीधाराको उमामहेश्वरको मूर्ति (इस्वीको छैटौँ शताब्दी) (वाङ्गदेल, २०३९, पृ. १०३-१०५) लिच्छविकालका शुरूवातताका निर्मित उमामहेश्वरका केही उदाहारण हुन् । हनुमानढोकामा अवस्थित विशाल कालभैरवको मूर्ति, ज्ञानेश्वरस्थित आनन्दभैरव (पौड्याल, २०६०, पृ. ७७) लिच्छविकालमा निर्मित शिवका अन्य केही साकार स्वरूपका मूर्तिका महत्त्वपूर्ण उदाहरण हुन् । यस कालमा शिवको निराकारस्वरूप अर्थात् शिवलिङ्गको दाँजोमा उनको साकारस्वरूपका मूर्ति कमै पाइएका छन् । शिवको निराकारस्वरूप शिवलिङ्ग भने प्राचीनकालदेखि नै मठ, मन्दिर, देवल, नदी, ढुङ्गेधारा, वनजङ्गल आदि स्थानमा साधा, एक मुखे वा पञ्चमुखी आदि स्वरूपमा असंख्य रहेका छन् ।

शिवलिङ्गलाई छोडी पुनः शिवको साकार स्वरूपको मूर्तिको चर्चा गर्दा शिवको अन्यस्वरूपको मूर्तिको दाँजोमा उमामहेश्वर मूर्ति निर्माणको परम्परा नेपाली समाजमा अत्यन्त प्रचलित रही प्राचीनकाल, लिच्छविकाल हुँदै पछिल्ला कालसम्म पनि निरन्तर रहेको पाइन्छ। उपत्यकामा जति संख्यामा शिवको उमामहेश्वर स्वरूपका मूर्ति छन्, त्यति सम्भवतः भारतवर्षमा पनि छैनन् । लिच्छविकालको शुरूवातमा उमा, शिव, नन्दी, कुमारका साथ शिवका गण, अनुचर, पार्वतीको सेविका आदि मूर्ति फलकमा थप्दै मूर्तिलाई कलात्मक बनाउने परम्पराले निरन्तरता प्राप्त गर्दै आठौँ नवौँ शताब्दीताका मूर्तिको माथिल्लो फलकमा गङ्गा, गन्धर्व, अप्सरा, छत्र आदिले स्थान पाई उमामहेश्वर मूर्ति झनै कलात्मक बन्न पुगेको पाइन्छ । ललितपुर धँयाबुको ने.सं. १०७ मा राजा गुणकामदेवको पालामा

स्थापित उमामहेश्वरको मूर्ति, ने.सं. २८२ राजा आनन्देवको पालाको भंटारेश्वर क्षेत्रको उमामहेश्वर (वज्राचार्य, २०६८, पृ. ३, ८७), ने.सं ८०१ मा पाटन वाँडेगाउँमा विश्वभारो र परिवारद्वारा स्थापित उमामहेश्वर, ने.सं. ८१२ मा पाटन इखाछँ टोलमा भारो परिवारद्वारा स्थापित उमामहेश्वरको मूर्ति (वज्राचार्य, २०५६, पृ. २२७, ५०१, २८४) अभिलेख सहितका मध्यकालीन उमामहेश्वर मूर्तिका केही उदाहरण हुन् । यस्ता कयौँ अभिलेखसहित तथा अभिलेख नभएका उमामहेश्वरका मूर्ति उपत्यकालगायत उपत्यका बाहिर पनि प्राप्त छन् । ने.सं. ५११ को राजा जयस्थिति मल्लको पालाको फर्पिङ्गमा गोरखनाथको पादुका स्थापना (वज्राचार्य, २०६८, पृ. ३, ८, ७, १८०), ने.सं. ५८८ मा पशुपतिनाथमा उन्मत्तभैरवको स्थापना (वज्राचार्य, २०६८, पृ. ३६४), ने.सं. ६२४ मा राय मल्ल, रत्न मल्ल, रण मल्ल, भीम मल्लको पालाको भक्तपुर तचपाल टोलमा महादेवको मूर्ति स्थापना (राजवंशी, २०२०, पृ. ९), पाटनका राजा सदाशिव मल्लद्वारा भक्तपुर राजदरबारमा काष्ठद्वारा निर्मित भैरवमूर्तिहरूको स्थापना, राजा भूपतिन्द्र मल्लद्वारा भक्तपुर ढुङ्गेधारामा ने.सं. ८११ मा भैरवभैरवीको स्थापना, ने.सं. ८२१ मा उनैद्वारा भक्तपुर वसन्तपुर दरबारको मूलढोकामा भैरवको स्थापना गरिएको छ । यसबाहेक भैरवका अन्य कयौँ मूर्तिहरू स्थापना गरिएको पाइन्छ । त्यस्तै बबन भैरव भनिने माटोको घ्याम्पोमा भैरवको आकृति कुँदिएका तथा भैरवको मुखाकृति अङ्कित मुखौटोहरू बनेका छन् । यसरी शैव मूर्तिहरूलाई सरसर्ती हेर्दा नेपाली समाजमा भगवान् शिवको विग्रह निर्माण गर्ने क्रममा कलाकार वा संस्थापकको पहिलो रोजाइ शिवलिङ्ग, दोस्रोमा उमामहेश्वर, तेस्रो भैरव तथा चौथोमा शिवका अन्य (एकल, उमासहित, महांकाल आदि) स्वरूप रहेको देखिन्छ ।

प्राचीनकालमै नेपालमा शिवको उपासनामा फरकफरक सिद्धान्तहरू देखा परिसकेका थिए । लिच्छविकालीन राजा नरेन्द्रदेवको पाटन गैह्रीधाराको अभिलेखमा भगवन्त वज्रेश्वरमुद्दिश्य पाशुपतानाम्ब्रा ह्मणाञ्च यथासम्भवम्भोजनङ्कारणीय अर्थात् पाशुपत सम्प्रदायका अनुयायी र ब्राह्मणहरूलाई भोजन गराउन आज्ञा दिइएको छ । यसबाट लिच्छविकालमा यहाँ पाशुपत सम्प्रदायका अनुयायीहरू रहेको तथा राजा नरेन्द्रदेवको उक्त सम्प्रदायप्रति झुकाव रहेको बुझिन्छ (जोशी, २०३०, पृ. ४९१) । लिच्छविकाल तथा मल्लकालका शासकहरूले पशुपतिसित सम्बन्धित विविध उपाधि धारण गरेका थिए । केही विद्वान्हरूले उक्त शासकहरूले धारण गरेका उपाधिहरूका आधारमा ती शासकहरू पाशुपत सम्प्रदायका अनुयायी रहेको विचार व्यक्त गरेका छन् । प्राचीनकालमै यहाँ पाशुपत सम्प्रदायअन्तर्गतका विभिन्न उप-सम्प्रदायको समेत विकास भएको देखिन्छ ।

जिष्णुगुप्तको पालाको आयार्च भगवत्प्राणार्द्धप्राणकौशिकको पशुपति छत्रचण्डेश्वरको अभिलेखमा मुण्डशृङ्खलिकपाशुपताचार्यपर्षदि वाराहस्वामि उपसोम –ऋसोमखड्डुकानाञ्च अशी (ति) पिण्डकमानिकानां भू... शृङ्खलिकपा' अर्थात् मुण्डश्रृंखलिक पाशुपत, सोमखड्डुक पाशुपत तथा श्रृंखलित पाशुपत सम्प्रदायबारे उल्लेख पाइन्छ (वज्राचार्य, २०३०, पृ. ४२७) । ती सम्प्रदायका अनुयायीहरूको संघ रहनुका साथै तिनमा आचार्य परम्परा रहेको देखिन्छ । तत्कालीन समयमा नेपालमा पाशुपत उप-सम्प्रदायहरूको राम्रो बाहुल्यता रहेको पुष्टि हुन्छ । सो अभिलेखमा पाशुपत सम्प्रदायसित सम्बन्धित पहिलो मुण्डश्रृंखलित शब्दको आधारमा ती सम्प्रदाय खप्परको माला लगाउने सिद्धान्तका अनुयायी रहेको बुझिन्छ । भारतमा तत्कालीन समयमा प्रचलित कापालिक पाशुपत सम्प्रदायसित यी मुण्डश्रृंखलित सम्प्रदायीहरूको सैद्धान्तिक समानता रहेको अनुमान गरिएको छ (जोशी, २०३०, पृ. ४१३) । दोस्रो सो अभिलेखमा उल्लिखित 'उपसोम ऋसोमखड्डुक' शब्दले नेपालमा सोमसिद्धान्त सम्प्रदायको अवस्थितिको सङ्केत गरेको बुझिन्छ, जसमा महादेवलाई विशेषरूपले चन्द्रमासँग सम्बन्धित गरिन्छ ।

नेपाल महात्म्यमा सोमसिद्धान्त सम्प्रदाय सत्ययुगदेखि नै रहेको बताइएको छ (खनाल, २०२८, पृ. ४), जसले यस सम्प्रदायको प्राचीनताबारे पुष्टि गर्न मद्दत गर्दछ । छत्रचण्डेश्वरको उक्त अभिलेखबाट तत्कालीन समयमा सोम सिद्धान्त सम्प्रदायका अनुयायी रहेका तथा तिनले मुण्डश्रृंखलिक पाशुपत सम्प्रदायका आचार्यहरूको परिषद्अन्तर्गत काम गरिरहेको बुझिन्छ । अभिलेखमा उल्लिखित श्रृंखलिकपा– शब्दले श्रृंखलित अर्थात् सिक्री धारण गर्ने पाशुपत मतलाई सङ्केत गर्दछ र ती पनि

कापालिक सम्प्रदायकै समान रहेको बुझिन्छ (जोशी, २०३०, पृ.४१३) । शैव दर्शनमा समस्त जीवलाई पशु र शिवलाई पति अर्थात् पशुका पति वा ईश्वर मानिएको छ । पतिको अनुग्रहबाटै पशु वा जीव पाश वा भवबन्धनबाट मुक्त हुने शैवमतको सिद्धान्त हो । त्यसैले पाशको प्रतीकको रूपमा पाशुपत मतावलम्बीहरूले शृङ्खला वा सिक्री लगाएको हुनुपर्दछ (रेग्मी र धमला, २०७१, पृ. ३८-४२) । त्यस्तै नेपालमा शृङ्खला वा सिक्री लगाएका भैरव, भैरवी तथा अन्य देवीदेवताका प्रतिमा देख्न सकिन्छ । यसबाट ती भैरव, भैरवी तथा देवीदेवताको सम्बन्ध शृङ्खलिक पाशुपतमतसँग रहेको अनुमान गर्न सकिन्छ ।

अर्कोतर्फ नेपालमा दानपाशुपत सम्प्रदाय रहेको कुरा राजा नरेन्द्रदेवको देउपाटन शिवलिङ्गको जलहरीको अभिलेखमा अङ्कित दानपाशुपतपताचार्य... दानशृङ्खलिकपाशुपतं बाट बुझिन्छ (जोशी, २०३०, पृ. ४६७)। उक्त अभिलेखमा शालङ्कामा बस्ने ब्राह्मण विश्वसेनकी पत्नी सुवर्ण गोमिनीले दानपाशुपताचार्य तिलडुकलाई खेत दान दिएको र तिनले पनि उक्त खेत दानशृङ्खलिक पाशुपतहरू बिरामी परेमा औषधोपचार गर्नका निम्ति दान दिएकी थिइन् (वज्राचार्य, २०३०, पृ. ४७२-४७३) । तत्कालीन समयमा पाशुपत क्षेत्रमा दानपाशुपत तथा दानश्रृंखलिक पाशुपत सम्भवत एउटै सम्प्रदायको अस्तित्व रहेको थियो । तिनको बारेमा विस्तृत जानकारी नपाइए तापनि उक्त सम्प्रदायमा पनि मुण्डश्रृंखलित पाशुपत सम्प्रदायमा जस्तै आचार्य परम्परा रहेको देखिन्छ । अर्कोतर्फ अभिलेखमा उल्लिखित दान विशेषणका आधारमा यस सम्प्रदायको दान लिने विशेषतालाई संकेत गरेको बुझिन्छ । त्यस्तै दानपाशुपत र दानशृङ्खलिकपाशुपत दुई भिन्दाभिन्दै भेदका आधारमा दानपाशुपत सिक्री धारण नगर्ने तथा दानशृङ्खलिकपाशुपत सिक्री धारण गर्ने मत थिए कि भनी अनुमान गर्न सकिन्छ ।

वशपाशुपत सम्प्रदाय बारेमा शिवदेव द्वितीयको लगनटोलको अभिलेखमा उल्लिखित वशपाशुपताचार्येभ्य....' शब्दबाट पुष्टि हुन्छ । उक्त अभिलेखबाट वशपाशुपतबिच आचार्य रहेका साथै ती सम्प्रदायमा पनि संघ रहेको र राजा शिवदेवले तिनलाई शिवदेवेश्वर मन्दिरको पुनः संस्कारका निम्ति जग्गा प्रदान गरेबाट तिनको प्राबल्यबारे बुझिन्छ (जोशी, २०३०, पृ. ५३१) ।

नेपालमा प्राचीनकालदेखि नै नाथ सम्प्रदाय फष्टाएको पाइन्छ । हिमवत्खण्डपुराणमा पाशुपत क्षेत्रको मृगस्थली गोरखनाथ, चौरङ्गीनाथको योगको आश्रयस्थल रहेको वर्णन छ (योगी, २०१३, पृ. २९५) । अक्षयकुमार बनर्जीले गोरखनाथ हिमालय प्रदेशको नेपाल र तिब्बतमा इसाको छैठौँ शताब्दीमा प्रख्यात रही उनको मत प्रचलित रहेको उल्लेख गरेका छन् (बनर्जी, १९८६, पृ. ८०-८१०) । पशुपति भस्मेश्वरको ध्रुवसंघको अभिलेखमा नाथेश्वर शिवलिङ्गको स्थापना तथा ध्रुवदेव जिष्णुगुप्तको आदेश्वरको अभिलेखमा नाथेश्वरको उल्लेख छ (वज्राचार्य, २०३०, पृ. १५३, ४११) । यी तथ्यहरूको आधारमा हेर्दा नेपालमा प्राचीनकालमै नाथ सम्प्रदायको उदय भई उक्त सम्प्रदाय प्रचलित रहेको देखिन्छ ।

भाषा वंशावलीमा राजा नरेन्द्रदेवको पालामा गोरखनाथ रिसाई नेपालमा खडेरी पर्दा उनले आसामको कामारू कामाख्या गई मच्छेन्द्रनाथलाई ल्याइ जात्रा चलाएको वर्णन छ (लम्साल, २०२३, पृ. ४-१०) । लिच्छविकालमा यहाँ नाथ सम्प्रदायका अनुयायीहरूको मठ काष्ठमण्डपमा निर्माण भइसकेको थियो । पूर्वमध्यकालमा ने.सं. ५११ मा जयस्थिति मल्लको पालामा फर्पिङ्गमा गोरखनाथ पादुको स्थापना (वज्राचार्य, २०६८, पृ. १८०) तथा उनकै पालमा ने.सं. ५१४ मा मृगस्थलीमा गोरखनाथको पादुका जगाई नाथ जोगीहरूको सम्प्रदाय बनाई नित्य नैमित्यिक पूजाको निम्ति गुठी राखेको पाइन्छ (खनाल, २०७७, पृ. ५३४) । पृथ्वीनारायण शाहलाई गोरखनाथले दर्शन दिएको प्रसङ्ग तथा नेपालका कयौँ स्थानमा नाथ सम्प्रदायका मठहरूको स्थापना र तिनमा हाल पनि ती सम्प्रदायका अनुयायीको उपस्थितिबाट नाथ सम्प्रदाय प्राचीनकालदेखि मध्यकाल, शाहकाल हुँदै हालसम्म पनि उक्त सम्प्रदाय जीवन्त रहेको देखिन्छ । त्यस्तै नेपालमा माहेश्वर सम्प्रदायका अनुयायी रहेका कुरा राजा नरेन्द्रदेवको यङ्गु बहाल तथा पशुपति वज्रघरको अभिलेखमा उनले परममाहेश्वरपरमभट्टारक पद धारण गरेबाट बुझिन्छ (जोशी, २०३०, पृ. ५०८, ५१३) । माहेश्वर सम्प्रदाय मध्यकालसम्म पनि प्रचलित रहेको कुरा महीरावणवध नाटकमा राजा अरि मल्ललाई परममाहेश्वर भनिएबाट थाहा हुन्छ । फर्पिङ्गको ने.सं. ३८१ को अभिलेखमा राजा भीमदेवलाई, पशुपतिनाथको धर्म मल्लको पालाको

अभिलेखमा जयसिंहरामर्द्धनका भाई मदनरामवर्द्धनलाई तथा पशुपतिनाथकै ने.सं. ५३३ को अभिलेखमा राजा ज्योतिर्मल्ललाई पनि परममाहेश्वर (वज्राचार्य, २०६८, पृ. १३६, २११, २३६) भनिएको छ ।

नेपालमा पूर्वमध्यकालतिर वीरशैव वा लिङ्गायत मतको प्रचुर मात्रामा विकास भएको देखिन्छ । वीरशैव मठको स्थापना साथै यस सम्प्रदायका अनुयायी यहाँका कयौँ शिवालयका पूजारी रहेबाट सो कुराको पुष्टि हुन्छ । ने.सं. ६९२ मा भक्तपुरमा र ने.सं. ६९९ मा काठमाडौँमा वीरशैव मठको स्थापना, जयसिंह रामबर्द्धनले पशुपतिनाथको पुनर्स्थापना गर्दा पनौती निवासी श्रीआराध्य ब्रह्मणद्वारा लिङ्ग प्रतिष्ठान गराइनु, डोलेश्वर, अनन्तलिङ्गेश्वर, इन्द्रेश्वर, धनेश्वर आदि मन्दिरमा जङ्गम पूजारी रहँदै आउनुले यहाँ वीरशैव सम्प्रदायीको लामो इतिहास देखा पर्दछ (रेग्मी र धमला, २०७१, पृ. १२०, १३२, १२८, १३४) । त्यस्तै अर्धनारीश्वर शिवका रूपमा शाक्ततन्त्रसँग सम्बन्धित शैवदर्शनको धार्मिक धारणा पनि नेपाली समाजमा प्राचीनकालदेखि नै रहेको छ । यसैको प्रतिफल प्राचीनकालीन ब्रह्मादी चतुर्मूर्तिमा देखिने शिवसँगै रहेकी गौरीको मूर्ति, पूर्वमध्यकालमा स्थापित पशुपतिनाथको चतुर्मुखी शिवलिङ्गको उत्तर वामदेवरूपी मुखाकृतिमा पाइने आधा शिव, आधा उमाको प्रतिकृतिलगायत अन्य अर्धनारीश्वर मूर्तिहरूबाट पुष्टि हुन्छ ।

प्राचीनकाल तथा मध्यकालमा यहाँ पशुपतिनाथ, भृङ्गारेश्वर, यक्षेश्वर, कुम्भेश्वर, महेन्द्रेश्वर, विश्वेश्वर (भाइचा देवल) लगायत कयौँ शैव मन्दिरहरूको निर्माण भएका छन् । आराध्यदेव भगवान् श्रीपशुपतिनाथलगायत भगवान् शिवका विभिन्न मठ मन्दिरमा शिवका नाममा कैलाशयात्रा, शोभनयात्रा, पवित्रारोहण, टिकिंछ्या, बालाचतुर्दशी, शिवरात्री, महास्नानजस्ता पर्व एवम् जात्रा सम्पन्न गरिने प्रचलनबारे वंशावली, पुराण तथा अभिलेखहरूमा प्रशस्त वर्णन पाइन्छ । यस्ता जात्रापर्वमध्ये कतिपय सयौँ वर्षदेखि अनवरत रूपमा हालसम्म पनि चलिरहेकै छन् । यी आधारमा नेपालमा शैव धर्मको विकास प्राचीनकालदेखि नै विविध स्वरूपमा हुँदै आएको पुष्टि हुन्छ ।❖

(लेखकको हालै प्रकाशित शिवलिङ्ग पुस्तकबाट साभार)

गतिविधि

कन्या गुरूकुलको अक्षयकोष निर्माणार्थ भागवत

देवघाटमा सञ्चालित नेपालकै प्रथम कन्या गुरूकुलम (गार्गी गुरूकुलम)को अक्षय कोष निर्माण गर्ने उद्देश्यले श्रीमद्भागवत सप्ताह ज्ञान महायज्ञको आयोजना गरिने भएको छ । यही फागुन १ गते प्रारम्भ गरिने सो भागवत कथा नौ गते समापन गरिने हुनेछ । महायज्ञमा प्रमुख कथा वाचकको रूपमा पण्डित कुवेर सुवेदी रहनुहुने छ । गुरूकुलमका संरक्षक प्रा.डा. गुरूप्रसाद सुवेदीका अनुसार सो महायज्ञको समुद्घाटन राष्ट्रपति रामचन्द्र अधिकारीद्वारा गरिने छ । संरक्षक डा. सुवेदीका अनुसार महायज्ञ केवल आर्थिक संकलनको उद्देश्यले मात्र नभई गुरूकुलको प्रचारप्रसारको निमित्त आयोजना भएको र सो महायज्ञमा पाठ पारायण साथै समय समयमा प्रवचन समेत गुरूकुलका छात्राहरूले गर्ने भएको हुँदा यो भागवत कथा अन्यभन्दा पृथक हुने छ ।

करिव १४ वर्ष अगाडि समाजसेवी अंगुरबाबा जोशीको अग्रसरतामा प्रारम्भ भएको गार्गी गुरूकुलम हाल देवघाट, चितवनमा सञ्चालित छ । गुरूकुलममा विभिन्न जिल्ला र जातजातिका गरी ५० जना बालिकाहरू अध्ययनरत छन् ।

शिवलिङ्ग विमोचित

त्रिभुवन विश्व विद्यालयकी सहप्राध्यापक डा. सन्ध्या खनाल, पराजुलीद्वारा लिखित एवम् तन्त्र

चर्चा परिवारद्वारा प्रकाशित शिवलिङ्ग नामक अनुसन्धानमुलक कृति विमोचन गर्नुहुँदै कार्यक्रमका अतिथिहरू ।

सुरक्षितरूपमा वैदेशिक रोजगारमा जाऔं ।

- ❖ सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- ❖ आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔं,
- ❖ अनिवार्य रूपमा अभिमुखीकरण तालिम लिऔं,
- ❖ अनिवार्य रूपमा श्रम स्वीकृती लिऔं,
- ❖ कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- ❖ वैदेशिक रोजगारीमा जानुअघि घर-परिवारसँग सरसल्लाह गरौं,
- ❖ मानसिक रूपमा तयार होऔं र
- ❖ आफ्नो सबै कागजातको एकएक प्रति घर-परिवारलाई छोडौं ।

नेपाल सरकार

विज्ञापन वोर्ड

अरुणसिंह पण्डालवाला
प्रोपाइटर
ॐ
अरुणसिंह पण्डालवाला
गौरीघाट काठमाडौं, मोबाइलः ९८५१२५४२२४,९८४१७४२०९६, ९८४१७८४५०५
सेवाहरू:
वाटरप्रुफ पण्डाल, पाल, गेट, मञ्चका साथै सजावटका लागि सम्पर्क गर्नुहोला
साथै बत्ती, जेनेटर र साउन्डसिष्टमका निम्ति समेत सम्झनुहोला ।

शुद्ध, सफा र स्वादिष्ट नेपाली
भोजनका लागि सदैव सम्झनुहोला ।
त्रिवेणी भोजनालय
क्षेत्रपाटी, काठमाडौं | फोनः ४२५१९८४

संस्कृत, नेपाली एवम् हिन्दी भाषामा समेत वेद,
पुराण, ज्योतिष, कर्मकाण्ड आदि विषयमा
विभिन्न धार्मिक पुस्तकहरू चाहिएमा सधैं
सम्झनुहोला !
दुर्गा धार्मिक पुस्तक पसल
पशुपति, काठमाडौं
सम्पर्कः ९८४१५२१३५३

Your Printing Solution

"गुणस्तरीय छपाई,
सुपथ मुल्य"
किशोर अफसेट प्रेश प्रा. लि.
गोल्कोपाखा, ठमेल, काठमाडौं, फोनः ०१-४०२२५४४

महाशिवरात्रि- २०८० का अवसरमा भगवान् श्रीपशुपतिनाथको दर्शनार्थ पाल्नु हुने भक्तजनहरुलाई अनुरोध

१. मन्दिर दर्शनको निम्ति कुनै प्रकारको विशेष टिकट या पासको व्यवस्था नगरिएको हुँदा पङ्तिबद्ध भएर दर्शन गरिदिनुहुन भक्तजनहरूमा अनुरोध छ ।

२. दर्शनार्थीहरूले निर्धारित स्थानमा जुत्ता-चप्पल राखेर मात्र मन्दिर प्रवेश गरिदिनु हुन अनुरोध छ ।

३. दुध, गंगाजल जस्ता सामाग्रीका लागि टुट-फूट हुने कांच (सिसा)का भाँडा प्रयोग नगरिदिनु हुन अनुरोध छ ।

४. श्रीपशुपतिनाथ मन्दिर प्राङ्गणमा फोटो या भिडियो खिच्न निषेध गरिएको व्यहोरा सम्पूर्ण भक्तजनहरूमा सादर अनुरोध गरिन्छ ।

५. मन्दिर र मेला क्षेत्रलाई स्वच्छ र सफा राख्न जथाभावी फोहोर नगरौं, निर्दिष्ट स्थानमा रहेका शौचालयहरूको प्रयोग गर्नुहोला ।

६. कुनै सामान वा व्यक्ति हराएमा तुरून्त प्रहरी शिविर वा खोजखबर कक्षमा सम्पर्क राख्नुहुन अनुरोध छ ।

७. शारीरिक रूपमा असक्त, जेष्ठ नागरिकहरूलाई सहज दर्शनको निम्ति सहयोग पुऱ्याइदिनुहुन अनुरोध छ ।

पशुपति क्षेत्र विकास कोष
PASHUPATI AREA DEVELOPMENT TRUST

गो.हु.का. (म.क्षे.हु.नि.द.नं.) १०/०६७/०६८

RBB DIGITAL SANSAR

Your Financial Earth
in the Universe of
Banking.

Scan to Discover
DIGITAL SANSAR

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नै बैंक

Tel.: +977-1-5970018 | Email : rbb.info@rbb.com.np